# धर्मकीर्ति

# THE DHARMAKIRTI

## बैशाख पूर्णिमा विशेषाङ्क



धर्मकीर्ति विहारमा स्थापना भएको बुद्ध मूर्ति

वर्ष-१८; अङ्क-१ DHARMAKIRTI बुद्ध सम्वत् २५४४



May all sentient being attain
the highest state of Completeness
being on the foot steps of BUDDHA
HAPPY VAISHAKHA FESTIVAL
2544

Dhamma.Digital

H • O • T • E • L
**Lumbini Garden**
NEW CRYSTAL PVT. LTD.
Buddha Nagar, Mahilwar
LUMBINI, NEPAL.
Tel.: (071-80145)

Best Western

**Best Western**
*New hotel Crystal*
**Pokhara**
P.O. Box 234, Nagdhunga, Pokhara, Nepal.
Phone: (061) 20035, 20036
Fax: 977-61-20234

**Reservation/Head Office:**
Chha 1-99, Jyatha Tole, P.O. Box 1253
Kathmandu, Nepal.
Phone: (01) 228561, 228011, Fax: 977-1-228028
Internet: http//www.bestwestern.com/np/newhotelcrystal
E-mail: ajsthapit@mos.com.np

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन : २५८९५५

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन : २५३१८२
ज्ञानेन्द्र महर्जन
फोन : २७६९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन : २५९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन : २५९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४४
नेपालसम्वत् ११२०
इस्वीसम्वत् २०००
बिक्रमसम्वत् २०५७

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | २५/- |



DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**2544TH VAISAKH FULL-MOON DAY**

**MAY, 2000**

| वर्ष- १८ | अङ्क- ११ | स्वाँयापुन्ही | पूर्णिमा २०५७ |
|---|---|---|---|





★ कुनै पनि पाप नगर्नु, पुण्य संचय गर्नु र आफ्नो चित्तलाई शुद्ध गर्नु यही बुद्धहरूको शिक्षा हो ।

★★★

★ सहनशीलता र क्षमाशीलता परम तप हुन्, बुद्धहरू निर्वाण (तृष्णा रहित) लाई परमसुख भन्दछन्, अर्कालाई घात गर्ने, अर्कालाई दुःख दिने प्रव्रजित सच्चा साधु होइन ।

★★★

★ रुपैयाँ पैसा वर्षेता पनि मानिसको चाहना तृष्णा तृप्त हुँदैनन्, पण्डितजनहरू सांसारिक सुख भोग विलासितामा अल्प मात्र स्वाद छ उल्टो धेरै दुःख छ भन्ने जानेर काम सुखको इच्छा गर्दैनन् । सम्यक सम्बुद्धका शिष्यहरू तृष्णा क्षय गर्नमा लाग्दछन् ।

# सम्पादकीय

# बुद्धको व्यक्तित्व

आज हामी २५४४ औं बुद्ध पूर्णिमा ठूलो श्रद्धाका साथ मनाइरहेका छौं । यसको सिलसिलामा कुनै ठाउँमा सार्वजनिक सभा गरेर, कहिं बुद्ध मूर्ति रथमा राखी जात्रा गरेर, कतै रक्तदान र सफाई अभियान चलाएर र विशेषाङ्क पत्रिकाहरू प्रकाशित गरेर आदि विभिन्न कार्यक्रमहरू संचालन गरी हर्षोल्लासपूर्ण वातावरणमा बुद्ध पूर्णिमा मनाउन तल्लिन देखिन्छौं ।

यसरी बुद्ध पूर्णिमा महोत्सव मनाइरहेका हामीले उहाँ बुद्धलाई यथार्थरुपमा चिन्न सकेका छौं त ? यस विषयमा पनि ध्यान दिनु जरूरी देखिन्छ । हुनत हामीले उहाँ एक राजकुमार भएपनि राजकाज सबै त्यागेर त्यागी हुनु भएका एक शान्तीका अग्रदूतका रूपमा चिन्दै आएका छौं । त्यसैले धेरैजसो भक्तजनहरूले उहाँको मूर्ति अगाडि फूल, धूप, नैवेद्य आदि वस्तुहरू चढाई पूजा पाठ आदि गरी भक्तिभाव चढाउँदै आइरहेका छन् । तर बुद्ध यस्तो भक्तिभाव र सम्मानले मात्र सन्तुष्ट हुनुहुँदो रहेनछ । किन होला ? यसको कारण जान्नका लागि हामीले उहाँको व्यक्तित्वलाई चिन्न एकपटक प्रयास गरौं ।

**बुद्धका व्यक्तित्वहरू**

**१. प्रत्यक्ष अनुभवी-**

बुद्ध दार्शनिक होइन एक प्रत्यक्ष अनुभवी हुनुहन्छ । किनभने दार्शनिकहरूले त धेरै टाढा र अदृश्य विषयहरूबारे कल्पना गरिरहन्छन् । उदाहरणको लागि संसारको सृष्टी कहिले भएको होला ? आत्मा र परमात्मा के होला ? पूर्वजन्म र पुनर्जन्म हुन्छ कि हुँदैन आदि आदि । तर बुद्धले यस्ता विचार हरू सबैलाई सीमा नभएका निरर्थक विचार भन्नु भएको छ ।

**२. मौलिक विचारक-**

बुद्ध परम्परावादी होइन मौलिक विचारक हुनुहुन्छ । उहाँ परम्परा र रुढीवादीका विरोधी हुनुभएकोले नै उहाँले नयाँ सँस्कृती र नयाँ विचारधारा ल्याउनु भएको थियो । उदाहरणको लागि सिद्धार्थ कुमारले विवाह गरेर पुत्रलाभ भएको खवर पाउने वित्तिकै अरुले जस्तै छोरा पाएँ भन्दै खुशी हुनुभएन । तर यस खवरले उहाँलाई दुःखी तुल्यायो । छोरा पाउनु एक प्रकारको बाधा र बन्धन तेर्सिएको अनुभव गर्नुभयो उहाँले ।

फेरि उहाँको विचारधार यस्तो थियो- पुस्तकमा उल्लेख भएका कुरा हुने वित्तिकै दैव वाणी सम्झनु राम्रो होइन, चाहे ठूलो धर्म गुरु नै किन नहोस् अझ बुद्ध नै किन नहोस्, कसैको कुरालाई पनि सुन्ने वित्तिकै त्यसलाई पत्याईहाल्नु राम्रो होइन । उक्त विचार सही छ वा छैन आफ्नो मगजले सोचेर मात्र त्यसलाई विश्वास गर्नुपर्छ ।

अरूले जस्तै मेरो कुरा सुन्नुपर्छ, मेरो शरणमा आएमा तिमीले मुक्ति प्राप्त गर्न सक्नेछौ भनेर बुद्धले कहिले पनि भन्नु भएको छैन । उहाँ भन्नुहुन्छ- "आफ्नो भरोसा आफै हो । आफ्नो खराव आचरण सुधार्न सकेमा दुखबाट मुक्त होइन्छ । यसरी उहाँ अनिश्वरवादी र अनात्मवादी हुनुहुन्छ ।

**३. अनुभवी-**

बुद्ध शास्त्रिय होइन अनुभवी हुनुहुन्छ । उहाँ थुप्रो पुस्तक पढेर परिक्षा दिंदै पास हुनु भएका पढन्ते बिद्वान हुनुहुन्न । बुद्धिविलासिता देखाउने खालको पण्डित बिद्वान पनि होईन उहाँ । उहाँ त शुद्ध व्यवहारिक व्यक्ति मात्र हुनुहुन्छ । उहाँले धर्मलाई बैज्ञानिक प्रतिष्ठा दिनुभयो । नरकको भय र स्वर्गको लोभले होइन आफ्नो आचरण र व्यवहार सुधार गरी सुखमय जीवन जिउने शिक्षा सिकाउने गर्नुहुन्थ्यो उहाँले ।

**४. सिद्धान्तवादी विरोधी-**

बुद्ध महामानव हुनुहुन्छ । साधारणतया धेरैजसो धर्मावलम्बीहरू कट्टर सिद्धान्तवादी हुन्छन् । उनीहरूको लागि मानवता भन्दा सिद्धान्त महत्त्वपूर्ण हुन्छन् । यसरी उनीहरूको लागि मानिस धार्मिक सिद्धान्तको लागि हो । तर बुद्धले यी कुरालाई मान्नु भएको छैन । उहाँको विचार अनुसार सिद्धान्त र विधान एक वर्ग र एक समयको लागि उपयोगी हुन सक्छ । सबैको लागि र सदाको लागि होइन । त्यस्तै उहाँ भन्नुहुन्छ- सिद्धान्त र नियम मानिसको लागि हो, मानिस सिद्धान्त र नियमको लागि होइन ।

**५. ब्यवहारवादी-**

गौतम बुद्ध ब्यवहारवादी हुनुहन्छ । किनभने सिद्धार्थ गौतम बुद्ध भइसक्दा पनि समाजबाट अलग्ग रहनु भएन । मानिसहरूको चरित्र सुधार्ने र कलह निवारण हुने शिक्षा दिनको लागि धेरै तल्लिन रहनुभएको देखिन्छ उहाँ ।

तर अन्य कतिपय त्यागीहरू घर जग्गा त्यागिसकेपछि एकान्त जंगलमा जान्छन् र समाजबाट अलग्ग रहन्छन् ।

तर बुद्ध यही समाजमा रहनु भएर पनि यहाँका खराव आचरणहरूबाट अलग्ग रहनु भयो । उदाहरणको लागि कमलको फूल शुरूमा हीलोमा डुबेर बस्छ, विस्तारै त्यही हिलोबाट माथि आई हिलो र पानीबाट अलग्ग भएर फुल्छ । त्यसैले यसबाट हामीले बुझ्न सक्छौं- मानिसहरूको जीवन मानव समाजबाट छुट्टै अलगिएर एक्लै बस्नको लागि होइन । यही समाजमा बसेर पनि हामीले आफूलाई सुधारी सुखमय जीवन जिउन सक्छौं ।

बुद्धका यी अमूल्य व्यक्तित्वहरू अध्ययन गरी हामीले बुद्धको शिक्षालाई अनुशरण गर्दै आफ्नो जीवन सुधार्न सकेमा मात्र बुद्ध पूर्णिमाको महत्त्व अझ बढने देखिन्छ ।

Downloaded from http://www.dhamma.digital

# विषय सूची


| | | | |
|---|---|---|---|
| १. | बुद्ध वचन | - | १ |
| २. | सम्पादकिय | - | २ |
| ३. | गौतम बुद्ध : एक अद्वितीय उपदेशक | - घनश्याम राजकर्णिकार | ५ |
| ४. | धम्मपद-१२८ | - रीना तुलाधर "परियत्ति सद्धम्म कोविद" | ९ |
| ५. | वैशाख पूर्णिमा-बुद्ध पूर्णिमा | - कोण्डन्य संघाराम | ११ |
| ६. | वातमिग जातक | - प्रकाश बज्राचार्य | १५ |
| ७. | भारतीय बौद्धहरूबिच (एक आपसमा) राम्रो सम्बन्ध हुनु आवश्यक छ-३ | - आचार्य, सत्यनारायण गोयन्का | १७ |
| ८. | एघान्ह दिनको बौद्ध तीर्थ भ्रमण | - अक्कल ध्वज गुरुङ्ग | २१ |
| ९. | संयुक्त निकाय-१८ | - भिक्षु ज. काश्यप, भिक्षु धर्मरक्षित, अनु. वीर्यवती | २५ |
| १०. | सुख र शान्ति-भावना मैत्री | - संघरक्षित भिक्षु | २९ |
| ११. | बौद्ध पर्यटन क्षेत्रको महत्व | - मुनीन्द्ररत्न बज्राचार्य | ३३ |
| १२. | युवा वर्गका लागि अत्यावश्यक नैतिक शिक्षा | - रविन्द्र शाक्य | ३७ |
| १३. | The following speech ... ... ... ... Conference held in the Lumbini | - | ३९ |
| १४. | Cleanliness and Hygiene in the Vinaya | - J. C. Jufa | ४३ |
| १५. | मां बौ सेवा | - रामभक्त प्रधान | ४६ |
| १६. | प्रज्ञाया मिखां स्वयूबले | - आनन्दमानसिं तुलाधर | ४६ |
| १७. | बौद्धहरूको महान पर्व बुद्ध पूर्णिमा | - मायादेवी महर्जन | ४७ |
| १८. | शुभ-कामना | - सरोज उदास | ४८ |
| १९. | "त्रिरत्न शरण" | - विष्णुरत्न शाक्य - बखतबहादुर चित्रकार | ४९ |
| २०. | बुद्धया शिक्षा अनुशरण यायनु | - बेखारत्न शाक्य | ५० |
| २१. | The Four Divine States | - Irene Abeysekera | ५१ |
| २२. | धर्मकीर्ति विहार (गतिविधि) | - | ५२ |
| २३. | धर्मप्रचार (गतिविधि) | - | ६२ |




२५४४ औं बैशाख पूर्णिमाको
उपलक्ष्यमा समस्त ग्राहक महानुभावहरूलाई
हार्दिक शुभ-कामना ब्यक्त गर्दछौं ।

**शेरमान एण्ड सन्स्** (पोखरा)

**SHERMAN & SONS** (Pokhara)

**TEL: 061-20395, 23336, 21612**
*Branch:* Khicha Pokhari, Kathmandu
**TEL: 223698**

★

यहाँ सुन, चाँदी खरीद-बिक्रीका साथै
विभिन्न किसिमका गहनाहरू
पनि बनाइन्छ ।


Downloaded from http://www.dhamma.digital

# गौतम बुद्ध : एक अद्वितीय उपदेशक



✎ घनश्याम राजकर्णिकार

मनुष्य जातिको इतिहासमा गौतम बुद्धको जस्तो महिमामय नाम अरू कसैको छैन । बुद्धको प्रादुर्भावको साथै यस धरतीमा एउटा नयां अध्याय शुरू भएको छ । पच्चीस सय वर्ष अगाडि बुद्धले भनेका कुराहरू आज पनि सार्थक देखिन्छन् तथा आउने शताब्दियौंसम्म पनि सार्थक भएर रहनेछन् । मानिसको ठूलो समस्याको रूपमा रहेको दु:खलाई दर्शनको रूपमा अथवा सत्यको रूपमा यस धरतीमा सर्वप्रथम बुद्धले नै प्रतिपादन गर्नुभएको हो । वस्तुत: दु:खलाई सत्यको रूपमा प्रमाणित गरेर गौतम बुद्धले मानिसलाई हतोत्साहित वा निराश बनाउनु भएको होइन । उहाँले दु:खको मात्र कुरा सुनाई त्यसबाट मुक्त हुने मार्ग नबताई दिनुभएको भए हामी दु:खै दु:खको जांतोमा पिल्सिरहनु पर्ने हुन्थ्यौं वा जीवन निराशाको बादलभित्र मात्र गुडुल्किएर रहन्थ्यो । तर बुद्धले दु:खको मात्र कुरा गर्नुभएन, बरू दु:खको कारण पनि बताइदिनुभयो र दु:खबाट मुक्त रहने उपाय पनि बताई दिनुभयो । उहाँको भनाई अनुसार आफूले चिताएको कुरा नपाउनु वा आफूले चिताए जस्तो नहुनु नै दु:ख हो । उदाहरणार्थ जन्मेका प्राणीहरू आफ्ना प्रिय वस्तुहरूसंग कहिल्यै बिछोड हुन नपरोस् भन्ने चाहन्छन् तर परन्तुसम्म यस्तो हुन सक्तैन । नित्य र शाश्वतताको कामना गर्दागर्दै अनित्य अध्रुव भएरै छाड्छ । वस्तुत: जीवन जगतको यो अनित्य स्वभावलाई कसैले पनि नित्य तथा शाश्वत बनाउन सक्तैन । यसरी अनित्यतामाथि नित्यताको कामना गर्ने तृष्णाले गर्दा अन्तत: हामीलाई दु:खको अनुभूति भइरहन्छ । वस्तुत: जीवनको प्रत्येक पलमा 'तृष्णा' ले हामीलाई बसिभूत गराइरहेको हुन्छ जसको कारणले दु:ख हरदम हाम्रो अभिन्न अंग बनिरहेको हुन्छ । यसरी मनुष्य जीवनमा अपरिहार्य रूपले समाहित भइरहने दु:खलाई जब ध्रुवसत्यको रूपमा अवबोध गर्नुभयो तब उहाँले यसको मूल कारण 'तृष्णा' हो भनेर पनि पत्ता लगाउनुभयो । अर्को शब्दमा भन्ने हो भने, तृष्णा अर्थात राग, द्वेष र मोहबाट उत्पन्न हुने क्रिया-प्रतिक्रिया नै दु:खको मूल कारण हो भनी सर्वप्रथम पत्ता लगाउने काम उहाँले नै गर्नुभएको हो ।

यसरी दु:ख सत्य र यसको कारण बारेको विवेचनापछि बुद्धले माथि भने झैं यसबाट छुटकारा पाउने उपाय पनि पत्ता लगाउनुभयो । दु:खबाट छुटकारा पाउन जस्तोसुकै प्रिय र अप्रिय परिस्थितिमा राग, द्वेष र मोहको संस्कारबाट अलग्ग भई मनमा अनित्य बोध जगाई आफूलाई समभावमा समाहित गराई पवित्र जीवन निर्वाह गर्नुपर्छ भनी उहाँले उपदेश दिनुभएको छ । उहांको भनाई छ- "यस जीवन जगत्मा जसले आफ्नो जन्म जन्मान्तरको बन्धन अर्थात् राग, द्वेष, मोह, भय, क्रोध आदिको गांठोलाई फुकाली शील, समाधि (ध्यान), प्रज्ञाको बाटोमा लागी आफ्नो तन, मन, वचन र व्यवहारलाई पवित्र पार्दै जान्छ ऊ दु:खबाट मुक्त हुँदै अन्तत: उसले मोक्ष (मोहको क्षय) प्राप्त गर्दछ । "त्यसैले बुद्ध भन्नुहुन्छ" - हे मानव ! राग, द्वेष, मोह जस्ता क्लेशबाट मुक्त हुन अथक प्रयत्न गर, आफ्नो लागि आफै साधना गर, आफ्नो लागि आफै ज्योति भएर बन, अनि निश्चय नै तिमी दु:खबाट मुक्त हुने छौ, तिमीले निर्वाण प्राप्त गर्ने छौ ।"

यस परिप्रेक्ष्यमा बुद्धको जीवनसंग सम्बन्धित कृशा गौतमीको प्रसंग ज्यादै प्रेरणादायक छ । श्रावस्ती नगरको एउटा गरीव परिवारमा जन्मेर गरीवीमा हुर्केकी एउटी युवतीको नाम हो 'कृशा गौतमी' । भाग्य संयोगले उनको त्यतैतिरका एक सुन्दर सुयोग्य युवकसंग विवाह हुन पुग्यो । केही वर्ष पछि उनले एउटा सुन्दर पुत्र जन्माइन् । घरमा सवै खुशीले गद्‌गद् हुनु स्वाभाविकै थियो । सृष्टिको पवित्र प्रतिमूर्ति त्यो बालक सवैको आकर्षणको केन्द्रबिन्दु हुँदैगयो । उनको बालसुलभ हिसी झन्झन् बढ्दै थियो । ऊ एक डेढ वर्षको के भयो होला एकदिन अचानक बिरामी पऱ्यो । औषधोपचार हुँदै गयो । तर दुर्भाग्यवस त्यस्तो हिसी परेको बालक एकदिन थरथराउन थाल्यो अनि निमेषभरमै हिक्कहिक्क गर्दै निश्चल बन्यो । हेर्दाहेर्दै त्यो सुकोमल बालकको प्राण पखेरू नै उड्यो । घरमा हाहाकार मच्चियो । कृशा गौतमीको हृदयमा बज्रपात भयो । बालकको शरीरलाई कहिले म्वाइ खाने, कहिले छातीमा टास्ने गर्दै उनी रोए, कराए, चिच्याए तर बालकको आंखा खुलेन, उसको धडकन चल्दै चलेन । सुतेका सुत्यै, कहिल्यै नउठ्ने भयो । दु:खको यो पराकाष्टाले गर्दा कृशा गौतमी

बहुलाईन् । उनी बिचलित हुँदै बच्चालाई छातीमा टांसी यताउता दौड्दै भेट भएका जतिलाई "मेरो मुना, मेरो राजा सुतिरहेछ, उठाइ दिनुस् न" भन्दै आग्रह गर्न थालिन् । तर उनको छोरो, उनको हृदयको टुक्रालाई कसैले पनि जिलाउन सक्ने कुरा थिएन । आखिर एकजना भद्र व्यक्तिले उनीप्रति करूणा व्यक्त गर्दै भने, "गौतमी ! तिम्रो छोरालाई शायद एउटै व्यक्तिले मात्र उपचार गर्न सक्ला, ती हुन् पतीत पावन महावैद्य बुद्ध । अहिले उनी जेतवन विहारमा छन् । तिमी उतै जाऊ । उहाँ महामानव बुद्धले अवश्य तिम्रो उपकार गरिदिनु हुनेछ । "यो कुरा सुनेपछि कृशा गौतमी उत्साह साथ मरेको छोरालाई बोकी जेतवनतिर हानिए । त्यहां पुग्नासाथ सरासर बुद्ध भएको ठाउंमा गई उहांको चरणमा आफ्नो हृदयको टुक्रालाई राखी हुंक्क र सुंक्क गर्दै रून थालिन् । करूणानिधि बुद्धले "छोरी, किन रोएकी, के भो तिमीलाई ?" भनी आज्ञा गर्नुभयो ।

"भगवन । मेरो छोरो सुतेको सुत्यैछ, उठेकै होइन । मानिसहरू यसलाई मरेको भनी जलाउन खोज्छन् । यो मरेको होइन, बेहोशमात्र भएको हो, प्रभु ! यसलाई उठाइदिनुस् ।"

"छोरी यो त निष्प्राण भइसक्यो । यसले देहत्याग गरिसके ।"

"यो निस्प्राण भए पनि, यसले देहत्याग गरे पनि, यसलाई बचाई दिनुस् । प्रभु त महाभिषक हुनुहुन्छ रे । प्रभुसंग संजिवनी औषधी छ भन्छन् । प्रभो, यसलाई बचाई मेरो कल्याण गरिदिनुस्, म प्रभुको गुण कहिल्यै बिर्सने छैन ।"

यस्तो भावावेश र विक्षिप्त अवस्थामा पुगेकी कृशा गौतमीलाई धर्मको कुरा गरेर केही फाइदा छैन भनी सोचेर बुद्धले उनीप्रति स्नेहपूर्ण दृष्टिले हेरी शान्त मुद्रामा भन्नुभयो-

"ठीक छ, छोरी, म तिम्रो छोरालाई जिलाएर तिम्रो कल्याण गर्नेछु । तर त्यसको लागि तिमीले सर्वप्रथम एउटा सानो काम गर्नुपर्छ । त्यो हो - यहांको शहर बजारमा गई अलिकति तोरीको दाना ल्याऊ । अनि म तिम्रो छोरालाई जिलाउने छु ।"

"हुन्छ, प्रभू । हुन्छ, म अहिल्यै ल्याउंछु" भन्दै गौतमी हत्पताउँदै हिंड्न थालिन् ।

तिनलाई रोकेर बुद्धले "पख छोरी, हतार नगर । पहिले सबै कुरा नै सुन । हेर, जुन घरमा कहिल्यै कुनै मानिसको मृत्यु भएको छैन त्यही घरबाट तोरीको दाना तिमीले ल्याउनुपर्छ ।" भन्नुभयो ।

"हुन्छ प्रभू ! म त्यस्तै घरबाट तोरीको दाना ल्याउने छु" भन्दै गौतमी मरेको छोरो बोकी हतारिंदै हिंडिन् । छोरा बांच्ने आशा लिंदै उनी शहरतिर लम्किन् । शहरको पहिलो घर देख्नासाथ त्यतैतिर गई आफ्नो करुण कहानीको साथै बुद्धले भन्नुभएको कुरा सुनाउँदै एक मुठ्ठी दाना पाउन आग्रह गरिन् । घर मालिकनीले सहानुभूति देखाउँदै "तिम्रो छोरा जिलाउन एकमुठ्ठी त के एकपाथी नै दिन तयार छु तर यो घरमा अनेक मानिस मरिसकेका छन्" भनी सुनाइन् । त्यसपछि उनी अंध्यारो मुख लगाई अर्को घरतिर लागिन् । एवं क्रमले अनेक घर चहारिन् तर मानिस नमरेको कुनै पनि घर भेटाउन सकिनन् । अन्त्यमा उनलाई जन्मेपछि मृत्यु अवश्यंभावी रहेछ भन्ने महसुस भयो । एकदिन आफै पनि मर्नुछ भन्ने अवबोध उनलाई भयो । मृत्यु जस्तो ध्रुवसत्य अवश्यंभावी कुरामा शोक गरेर केही नहुने कुरा उनलाई छर्लङ्ग हुनगयो । अत: उनले आफ्नो छोराको अन्त्येष्टि गर्न लगाइन र अन्त्यमा उनी बुद्धकहाँ गइन् । रित्तो हातै आइरहेकी उनलाई देखेर बुद्धले - "छोरी खोइ त तोरीको दाना ? पाउन सकिनौ कि कसो ?" भनेर सोध्नुभयो । कृशा गौतमीले बुद्धको सन्मुख दण्डवत गर्दै नम्र स्वरमा "प्रभू ! दाना त पाउन सकिन तर हराएको होस चाहि पाएं । जन्म लिने सवैको मृत्यु हुनै पर्दोरहेछ । केही दिन यता केही दिन उता मात्र रहेछ । यसलाई कसैले रोकेर राख्न नसकिने रहेछ ।" भनी भनिन् ।

गौतमीको यस्तो कुरा सुनी बुद्धले प्रसन्न हुँदै अब धर्मदेशना गर्नु उपयुक्त ठान्दै आज्ञा गर्नुभयो- "हेर छोरी, मृत्यु सबै प्राणीको अनिवार्य धर्म स्वभाव हो । यस्तो स्वाभाविक कुरामा हामीले अस्वाभाविक कुरा चिताउनु हुन्न । मनुष्यको यो संसारमा हरेक वस्तु अनित्य छ । अर्थात् सबै कुरा अनित्य धर्मा छन्, सबै प्राणी मरण धर्मा छन् । यस सत्यलाई जसले सम्झन सक्तैन ऊ आफ्नो धन-सम्पत्ति, जहान परिवार, ऐस-आराम मोजमज्जा आदि प्रति आसक्त हुन्छ । त्यसैले छोरी, यो मोह निन्द्राबाट तिमी बिउंझ, आफूभित्र अनित्यबोध जगाऊ, दु:खमा रूने र सुखमा नाच्ने बानीलाई त्यागी समभावमा स्थिर हुनु र शील, समाधि (ध्यान), प्रज्ञाको बाटो समात्नू । अनि तिमी दु:खको भुंमरीबाट माथि उठ्नेछौ, तिमीले मोक्ष सजिलैसित प्राप्त गर्नेछौ ।

उपर्युक्त बुद्धकालीन घटना- विवेचनाबाट दु:ख र दु:खबाट माथि उठ्ने उपाय बुद्धले सजिलैसित संकेत गर्नु भएको सांच्चै प्रेरणादायक छ, उपदेशकूलक छ तथा अतुलनीय छ । ■


Downloaded from http://www.dhamma.digital




**TOYOTA • NISSAN • MITSUBISHI • ISUZU**
**SUZUKI • LANDROVER • MERCEDESE**

## THE STOCKIST AND SUPPLIER OF BRANDED NAMES AS

**NOK** - OIL SEALS
**BANDO** - FAN BELTS
**VIC** - OIL/AIR/FUEL FILTERS
**ASCO** - CLUTCH DISCS AND COVERS
**MITSUBOSHI** - FAN BELTS AND TIMING BELTS
**MINTY** - BRAKE DISC PAD AND SHOE
**DOKURO** - BLACK ENGINE VALVES
**EYQUEM** - SPARK PLUGS
**RANE** - BRAKE LININGS
**RANE LUK** - CLUTCH PLATES AND COVERS

***AND MANY MORE GENUINE AND NON GENUINE SPARE PARTS FOR MOST JAPANESE AND EUROPEAN VEHICLES***

**TOYOTA • NISSAN • MITSUBISHI • ISUZU**
**SUZUKI • LANDROVER • MERCEDESE**

CONTACT OR VISIT OUR SHOWROOM

# AUTO PARTS INTERNATIONAL

KAMAL ARCADE, PUTALISADAK
KATHMANDU, NEPAL
TEL: 225607/244317
FAX: 977-1-271842
e-mail: api@gagan.wlink.com.np



Our Hearty Felicitation

to

## *Dharmakirti Buddhist Study Circle*

& All

On the Auspicious Occasion of

## *Vaisakh Festival 2544*

# International Trekkers Pvt. Ltd.

Treks and Tours in the Himalayas of Nepal, Bhutan & Tibet

P.O. Box: 1273, Dhumbarahi, Kathmandu, Nepal
Tel.: 371397, 370714, 371537, Fax: 977-1-371561
E-mail: nepal@intrek.wlink.com.np

Downloaded from http://www.dhamma.digital

# धम्मपद-१२८

✍ रीना तुलाधर
"परियत्ति सद्धम्म कोविद"

**अत्तानं एव पठमं-परिरुपे निवेसये**
**अथञ्ञमनुसा सेय्य- न किलिस्सेय्य पण्डितो**

**अर्थ-** आफूलाई पहिले उचित स्थानमा राख्नु । अनि पछि मात्रै अरुलाई उपदेश दिनु । यसरी आचरण गर्ने पण्डितको चित्तमा क्लेश (दुःख) ले प्रवेश पाउँदैन ।

**घटना-** उपरोक्त गाथा भगवान बुद्धले जेतवन महाविहारमा बास गरिरहनु भएको बेला शाक्यकुलबाट आएका उपनन्द भिक्षुको कारणमा भन्नुभएको थियो ।

उपनन्द भन्ने स्थविर धर्मउपदेश दिन ज्यादै नै सिपालु थियो । उनले अति राम्ररी आकर्षित ढंगले उपदेश दिन जान्दथ्यो । प्रायः जसो उनले धेरै इच्छा नगर्नु, अल्प इच्छा गर्नु, धुतांग पालन गर्नु राम्रो हो भन्दै धेरै उपदेश दिन्थे । उक्त स्थविरको यस्तो धर्मउपदेश सुनेर धेरै भिक्षुहरूले आ-आफ्नो चीवर इत्यादि उनलाई चढाएर आ-आफूले धुतांग पालन गर्न लागे । तर उपनन्द स्थविर आफै निर्लोभी थिएन, लोभी थिए ।

वर्षावासको समय नजिक आएपछि उनी आफू बसेकोभन्दा नजिकको अर्को स्थानमा गएर एउटा विहारमा गए । त्यस विहारमा बसीरहेका सानासाना श्रामणेरहरूले उनको धर्मउपदेशबाट प्रभावित भएर उनलाई वर्षावास त्यहिं बिताउन आग्रह गरे । उपनन्द स्थविरले ती श्रामणेरहरूसँग वर्षावास सकेपछि त्यस विहारमा के के प्राप्त हुन्छ भनी सोधे । श्रामणेरहरूले एउटा एउटा खास्टो (ओढ्ने) प्राप्त हुन्छ भनी भने । उपनन्दले त्यसैले त्यहाँ नबस्ने विचार गरे बरू आफ्नो एकजोर जुत्ता त्यहिं छोडेर फेरि अर्को विहारमा गए । त्यहाँ वर्षावासको अन्तमा प्रत्येक भिक्षुलाई दुइ दुईवटा खास्टो प्राप्त हुन्छ भनी थाहा पाए । उनी त्यहाँ पनि रोकेन । त्यहाँ आफ्नो लौरो छोडी त्यहाँबाट पनि फेरि अर्को विहारमा गए । त्यो अर्को विहारमा वर्षावासको अन्तमा भिक्षुहरूले तीन तीन वटा खास्टो प्राप्त गर्छन् भनी थाहा पाए । त्यहाँ पनि आफ्नो पानी राख्ने भाँडो एउटा छोडेर त्यहाँबाट फेरि अर्को विहारमा गए । अर्को विहारमा भिक्षुहरूले वर्षावासको अन्तमा चार-चारवटा सम्म खास्टो प्राप्त गर्छन् भनी थाहा पाएर त्यहिं वर्षावास बस्नु पर्‍यो भनी त्यहि विहारमै वर्षावास बसे । वर्षावास बसेको विहारमा उनले भिक्षुहरूलाई र गृहस्थहरूलाई पनि राम्ररी धर्मउपदेश दिए । वर्षावास सकिएपछि ती धर्मकथिक उपनन्द भिक्षुलाई धेरै वस्त्र, चीवर सहित पूजा गरे । उनले पहिले हेरेर आएका तीनवटै विहारहरूमा आफ्नो वस्तुहरू छोडेर आएकोले आफ्नो भागको दान पाउनु पर्छ भनी "मेरो भाग पठाइदिनु" भनी लिन पठाए । यसरी वर्षावास पछि प्राप्त भएको सबै वस्तुहरू बटुलेर एउटा गाडामा सामान राखी उनी आफू पहिले बस्दै आएको पुरानै विहारमा फर्के ।

विहारमा फर्कीरहँदा उनले बाटोमा दुईजना भिक्षुहरूलाई भेटे । ती दुईजना भिक्षुहरूले दुईवटा खास्टो र एउटा असल खालको मखमली रग (Blanket) दानमा प्राप्त भएको मध्ये कुनचाहिँ कसले लिने हो भनेर विवाद गरिरहेका थिए । ती दुईजना भिक्षुहरूले उपनन्द भिक्षुसँग तिनीहरू दुईजनालाई न्यायपूर्वक ती दुई थरिको सामान बाँडिदिनुहोस् भनी आग्रह गरे । उपनन्दले "मैले गरेकोमा तिमीहरूलाई स्वीकार हुन्छ होइन त ?" भनी सोधे । ती भिक्षुहरूले स्वीकार गरेपछि "ठीक छ त्यसो भए" भनी उपनन्द स्थविरले दुईवटा खास्टो मध्ये दुबैलाई एक एक वटा बाँडीदियो र बाँकि रहेको असल मखमली रग चाहिँ बाँडफाड गरी दिएकोमा आफूले पाउनु पर्छ भन्दै आफूलाई लिएर हिँडे । ती दुईजना भिक्षुहरू हिस्स भए । बेकारमा त्यस स्थविरसँग आग्रह गरेछु भन्दै पछुताए । असल चाहिँ सामान आफूहरूले पाउन नसकेको झोंकमा अवश्य पनि यो कुरा भगवान बुद्ध समक्ष उजूर गर्नेछौं भनी तिनीहरू जहाँ भगवान बुद्ध बसीरहनु भएको थियो त्यहिं गए । गएर भगवान बुद्धसँग भेटेर भएको वृतान्त कुरा सुनाए । भगवान बुद्धले उपनन्द स्थविरको उक्त कार्यमाथि निन्दा गर्दै भन्नुभयो- "अरुलाई उपदेश दिनेले पहिले आफूलाई योग्य र अनुकूल ठाउँमा राख्न सक्नु पर्छ । यसरी उपदेश दिएर भगवान बुद्धले उपरोक्त गाथा भन्नु भयो । ■




# बुद्धजयन्तीया लसताय्

सकल प्राणी मात्रया भिं जुइमा,

दुःख मदुपिं जुइमा,

भय मदुपिं जुइमा

व

सुखपूर्वक व्हना वने फुपिं जुइमा

Dhamma.Digital

## ताम्राकार हाउस

## Tamrakar House

**The Family Store**
शुक्रपथ यैं
फोन : २५९९०७, २५९८०७

**Shopping Center**
पुतली सडक यैं
फोन : २४५३४८

फ्याक्स : २५९३१७

# वैशाख पूर्णिमा-बुद्ध पूर्णिमा

कोण्डन्य संघाराम, त्रि.वि.वि.

आजभन्दा २५०० वर्षभन्दा अगावै वैशाख पूर्णिमाकादिन लुम्बिनी शालोद्यानमा एउटा यस्तो अद्भूत शिशुको जन्म हुन्छ, जसलाई भविष्यमा सर्व अर्थसिद्ध गरी छाड्ने व्यक्तित्व भन्ने अर्थमा सर्वार्थसिद्ध वा सिद्धार्थ भनी नामाकरण गरेका हुन् । दरवारिया सुख सयलपूर्ण वातावरणमा हुर्केका कुमारमा शैशवकालदेखि नै असाधारण स्वभाव प्रकट हुन थाल्छन् । राज-उत्तराधिकारी राजकुमारलाई सम्पन्न र शक्तिशाली राजा बनाउन अनेकौं प्रयासहरू गरिए । दरवारिया सुखैश्वर्यमा भुलाउन-फसाउन यौवनमत्तापूर्ण जवानी लेपनलाई ध्यानमा राखी तात्कालीन सुन्दरी यशोधरा (गोपा) सित प्रणय सूत्रमा बाँध्ने (विवाह) कार्य गरिए । सम्भवत: उनीहरूको वैवाहिक दाम्पत्य जीवन खासै सुखमय (Romantic) हुन सकेन कि !? किनभने कुमारको दिल भौतिक सुखसयल वातावरणमा केन्द्रित नभएर आध्यात्मिक-सुख शान्ति मार्गतर्फ मोडिंदै गएको र उनको मनोगत कुराहरू कामभोगबाट टाढिंदै गएको हुन्छ "जीवन के हो ? वास्तविक सुख-शान्तिको मूल के होला ? जीवनको रहस्य के होला ? जीवनको मूल उद्देश्य के होला र त्यसलाई कसरी आत्मसात गर्ने ? जीवन-मरणरूपी चक्रलाई कसरी रोक्ने ?" यसरी कुमारको दिलमा कुराहरू खेल्न थाल्छन्, दही-च्यूरा जस्तै अन्तरद्वन्दले छाउँदै जान्छ । आखिर दरवारिया सुखसयलपूर्ण वातावरणलाई तिलाञ्जली दिएर गृहत्याग गरी जाने नै निर्णयमा पुग्छ र आषाढ पूर्णिमा (उत्तराषाढ) का दिन राजकुमारले सम्पूर्ण राजपात, सुखैश्वर्य, भोगमय जीवन र वैभवलाई तिलाञ्जली दिई दु:ख र दु:खबाट मुक्त शान्तिगामी मार्गको खोजी गर्न, निर्वाण धर्म अवबोध गर्न, सांसारिक चक्रबाट मुक्ति पाउन बहुजन हिताय-बहुजन सुखायको परम लक्ष बोकी जगतोद्धारका लागि २९ वर्षको भद्र यौवनावस्थामा महाभिनिष्क्रमण गरे ।

जरा (वृद्ध), व्याधि (रोग), मरण (मृत्यु), शोक आदि जुन जातिधर्म (पदार्थ) तथा संक्लेश धर्म हुन् त्यसैलाई सिद्धार्थ कुमारले सम्बोधि प्राप्त गर्न अगाव असम्बुद्ध अवस्थामा स्वयं जातिधर्म भएर पनि जातिधर्म (पदार्थ) कै पर्येषणा गर्दै जान्छ । वास्तवमा जवानीले भरिएको आकर्षित कद-जिउदाल भएको कुमारले माता-पिताको इच्छा विरूद्ध आँसुका धारा बहाउँदै बहाउँदै केश कप्पन (केश-दारी छेदन) गरीकन गृहत्याग गरी प्रव्रजित भएका थिए । **"किं कुशल ?"** (कुशल के हो ?) लाई गवेषण गर्दै, उत्तम शान्ति पदको खोजी गर्दै गए । तात्कालिन नाम कहलिएका **'आलार कालाम'** सित **'आकिञ्चन्यायतन'** र **'उद्दकराम'** सित **'नैवसंज्ञानासंज्ञायतन'** ध्यान सिके । यसलाई राम्ररी बुझे, तर सन्तुष्टि मिलेन । शास्त्र सम्मत कुराहरूबाट मात्र ज्ञानरूपी प्यास मेटिएन, सन्तोषको भाव प्रकट नहुने हुँदा भएर ती धर्म (कुराहरू) बाट विरक्त भई अर्कै ठाउँतिर लागे ।

पछि सिद्धार्थ कुमारले स्वयं आफैले उरुवेल वनमा गई ज्ञान प्राप्तिको नाममा ६ वर्षसम्म अति दुष्कर, कष्ट र पीडादायक घोर तपस्या गरे, कट्टरवादी भई आहार सेवनलाई समेत त्यागे । तर पनि ज्ञान प्राप्त भएन, सत्य प्राप्तिको मार्गमा अगाडि बढ्न अझै गाह्रो भइरहेको थियो । सत्यलाई आत्मसात गर्न नसक्दा आहार सेवन गर्न शुरू गरे, आध्यात्मिकता प्राप्ति गर्न आध्यात्मिक विषय गौण हुने कुरा विस्तारै बुझिंदै (महशूस) हुँदै आएपछि कट्टरवाद, कष्ट एवं पीडादायक मार्ग त्याग गरी मध्यम मार्गलाई अनुगमन गर्दै अगाडि बढ्ने सोचाइ अघि सार्छ ।

किं कुशल गवेषण गर्दागर्दै मगधमा चारिका गर्ने क्रममा जतिबेला सेनानी नियम पुग्छ, त्यतिबेला एउटा सुन्दर, अति नै रमाइलो रमणीय (प्रासादिक) नदी बगीरहेको प्राकृतिक मनमोहक मनोरम दृश्यले उनलाई आकर्षित पार्छ । नदीको त्यो किनार जहाँ अवस्थित घाट (तट) एकदमै शान्त-रमणीय र स्वच्छ देखिन्थ्यो । त्यहाँबाट नजिकै रहेको गाउँ भिक्षाटनको लागि उपयुक्त देखिन्थ्यो । परमार्थ उद्योगी गर्दै हिंडेका कुलपुत्रका लागि ध्यानमा लीन हुन त्यो ठाउँ एकदमै उपयुक्त भएर कुमार त्यहीं पलेंटीकसी वज्रासनमा लीन भए ।

कुमारले स्वयं आफ्नै शरीर (अवयव) भित्र निरन्तर रूपमा भइरहने क्रिया-प्रतिक्रियालाई गम्भीरराति गम्भीर रूपमा हेर्दैजान विपश्यना, विदर्शना आदि भावना गर्दै अनुलोम-प्रतिलोम प्रकृयालाई अटूट रूपमा अगाडि बढाउँदै लगे। त्यसैमा समाधिस्थ हुँदै गए, एकचित्त-एकाग्रता भावमा निरन्तरता देखियो, अनि आफ्नो चित्तलाई वशमा राख्न सक्ने क्षमता बृद्धि भयो, चित्तको भाव एकचित्त र एकाग्र भई समाधिस्थ अवस्था कसिदै-बलियो हुँदै गयो, अनि देखिएर विलाएर जाने, उत्पत्ति भएर विनाश हुँदै जाने परिवर्तित स्वरूप-परिवर्तनशील स्वभाव अर्थात च्यूतोत्पत्ति ज्ञान भयो, जीवन-मरणरूपी चक्रिय पद्धत्तिका बारे राम्रो अवबोध प्राप्त भयो, संसारको यथार्थ सत्यलाई बुझीलिने क्षमता प्रकट भयो, चतुरार्य सत्य यथार्थ रूपले अवबोध भयो, प्रतीत्य समुत्पाद (कार्यकारण सिद्धान्त) दर्शन आत्मसात भयो। एवं प्रकारले चक्षु प्राप्त भयो, ज्ञान, प्रज्ञा, विद्या प्राप्त भयो र आलोक (प्रकाश) जाज्वल्यमान हुँदै गएपछि सम्पूर्ण कलुषित भावहरू (तृष्णा) मेटिँदै गए, क्षय भयो, कलुषितभाव लेख शून्य भइसकेपछि चित्त पवित्र हुँदै गए चित्तमा शान्ति-प्रीति रूपी फूल फूल्यो, वैशाख पूर्णिमाकै दिन सर्वज्ञ ज्ञान-बुद्धत्त्व प्राप्त भयो।

यसरी जातिधर्म वा जन्मको दुष्परिणामलाई देखी, जन्म रहित, अनुत्तर, अनुपम, योगक्षेम निर्वाण धर्मलाई सिद्धार्थ कुमारले प्राप्त गरी बुद्ध हुनुभयो। निर्वाण-अजर व्याधिधर्म-रहित, अमर, शोक रहित, संक्लेश रहित हुन्छ भन्ने कुरा उहाँले उपदेश गर्नुभयो। बुद्धत्त्व प्राप्ति पश्चात उहाँको चित्त विमुक्ति अचल (अकुप्पा) भयो र 'अयं अन्तिमा जाति, नत्थिदानि पुनब्भव' ति- अर्थात यो नै मेरो अन्तिम जन्म हो, पुनर्भव हुने छैन मेरो' भनी सिंहनाद गर्नुभयो।

'मैले गम्भीर, प्राप्त गर्न मुस्किल (दूर दर्शनीय), बुझ्न गाह्रो (दुर्गेय), शान्त, प्रणीत, अतर्कावचर, निपुण (शूक्ष्म) तथा पण्डितजनहरूले अवबोध गर्ने पर्ने यस धर्मलाई अवबोध गरें। यी प्रजाहरू आलय (पञ्चकाम विषय-तृष्णा) मा रमाई भुलीरहेका, त्यसैमा प्रतिष्ठित भएर मज्जा लुटीरहेका हुन्। यिनीहरूले प्रतीत्य-समुत्पाद (कार्यकारण सिद्धान्त, सापेक्षतावाद) लाई बुझ्न कठिन हुन्छ (दूर दर्शनीय), अनि सम्पूर्ण संस्कारको शमन स्वरूप वा उपधि (बन्धन) अन्त हुने बित्तिकै प्राप्त हुने तृष्णा-क्षय, विराग, निरोध र निर्वाणलाई पनि बुझ्न धेरै कठिन पर्छ। मैले धर्मोपदेश त गर्छु, परन्तु उनीहरूले बुझ्न सकेन भने मेरो लागि ग्लानि (तरद्दुत) र पीडा मात्र हुन्छ। यस्ता चिन्तनहरूले मेरो मन धर्म प्रचार तर्फ नढल्किएर अल्प उत्सुकतातर्फ सांगुरिदै-निस्सासिँदै गए।" बुद्धको हृदयमा यस किसिमको तर्कना छायको थियो भन्ने कुरा मज्झिम निकायको पासरासि (**अरियपरियेसन**)-सुत्त अध्ययन गर्दा स्पष्ट हुन्छ। बुद्धत्व ज्ञान लाभ गरिसकेपछि तीन महिनासम्म बुद्धको जीवन-चरित्र प्रचार प्रसारतर्फ मोडिएको थिएन। गुप्तवास र प्राप्त गम्भीरराति गम्भीर धर्मको धर्मामृत पान गर्दागर्दै समय अगाडि बढ्दै गएका थिए। अनि लोक सेवा र साथै धर्म दर्शन प्रचार-प्रसारका सम्बन्धमा बुद्धको मनमा अन्तरद्वन्दले जरा गाड्यो। सुखमा सुख खोज्दै हिंड्ने, दु:खमा डुबुल्की मारी सुख खोज्न नरूचाउने प्रवृत्ति हावी भएका, भौतिक वस्तुमैं लालायित हुने स्वभाव भएका, हरेक कुराको तत्काल परिणाम चाहने लोकजन आदर्शपूर्ण नैतिकताको उपदेशात्मक धर्म-व्याख्यान गर्दै हिंड्नुको परिणाम सकारात्मक होला र !? - यस प्रकारले निराशावादी भाव प्रकट हुने क्रममा अल्याख मानव समुदायहरूका वीच कमसेकम एक वा दुई जना त धर्म-व्याख्यानलाई बुझी आफ्नो जीवन सुधार - सार्थक गर्नेहरू किन नभेटिएलान् यस विराट धर्तीमा ? भन्ने आशावादीको भाव उब्जिन थाले।

बुद्धत्व प्राप्ति पश्चात तथागत बुद्धको हृदयमा अन्तर्द्वन्द छाएको भन्ने घटना निश्चय पनि आश्चर्य लाग्दो विषय हो। बुद्ध-जीवनी पल्टाउँदै जाँदा उहाँले आफूले प्राप्त गरेको धर्म-दर्शन र ज्ञान त्यसै एकैचोटी जनसमक्ष गएर प्रचार-प्रसार गर्ने निधो गरेका होइनन्। व्यावहारिक एवं मानसिक रूपमा प्रचार-प्रसार गर्न समय लागेकै थियो। वास्तवमा बुद्धको हृदयमा निराशा-आशाको भावनाले छाइरहँदा बुद्ध समक्ष एकातिर धर्म प्रचारार्थ प्रार्थना-विन्ति गर्नेहरू पनि देखापर्दछ भने अर्कोतिर बाधा-अड्चन (मार-तगारो) पनि प्रकट हुन्छ। तर लोकमा कोही अलपरज (=मल) भएका, कोही



Downloaded from http://www.dhamma.digital

महारज भएका, कोही तीक्ष्ण इन्द्रिय भएका, कोही नभएका, कोही-सुआकार, दुराकार, सुविज्ञेय, दुर्विज्ञेय, परलोक र दोषले भयभित भएका, नभएका मानिसहरू छन् । कोही-उत्पल (नील कलम), पद्म (रक्त कमल) अथवा पुण्डपरिक (श्वेत कमल) कमलपोखरीमा, कुनै पानी भने कुनै पानी भित्रबाट फुलेर बाहिर आई ढकमक्क फुलिरहने, कुनै पानीको सतहसम्म फुलिरहेका हुन्छन्, कुनै पानीमा पानीको सतहभन्दा माथि पानीले नछुनेगरी फुलिरहने जस्तै मानिसहरू पनि थरि-थरिका छन् भन्ने कुरालाई ध्यानमा राखी बुद्धले श्रद्धावान-उत्सुक जगतलाई धर्म (जीवन जिउने कला) को कुरा प्रचार-प्रसार गर्ने निधो गर्नुभयो ।

बुद्धत्त्व-प्राप्ति पश्चात सारनाथमा पंचभद्र वर्गियहरूलाई धर्मचक्र प्रवर्तन-सूत्र देशना गर्नुभई धर्म-प्रचारको अभियान शुभारम्भ गर्नुभयो । पंचभद्रवर्गिय, यशकुमार र उनका ५४ जना साथीहरू सहित बुद्ध स्वयं गरी जव यस लोकमा ६१ जवान अर्हत (राग, द्वेष, मोह प्रहाण भइसकेको, आश्रवक्षयी) हरू भए त्यसवेला बुद्धले - **"चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय"** अर्थात- 'भिक्षुहरू बहुजन हितको लागि, बहुजन सुखको लागि, विश्वमाथि दयाको लागि, देव र मनुष्यहरूको हित, सुख र कामको लागि संचार गर । भिक्षुहरू आरम्भ, मध्य र अन्त्य समयसम्म कल्याण हुने धर्मको अर्थ र भाव सहित उपदेश दिएर सम्पूर्ण परिशुद्धि ब्रह्मचर्य (धर्म) को प्रकाश गर ।' (महावग्ग, विनय पिटक) - भनी उपदेश गरी धर्म प्रचार तर्फ अगाडि बढे ।

४५ वर्षसम्म अनवरत रूपमा मानव-जगतको कल्याणार्थ, हित-सुखका लागि, जीवन सार्थक बनाउने पथमा लीन हुँदा हुँदै तथागतले कुशिनगरमा अनुपादिशेष निर्वाण प्राप्त गरी वैशाख पूर्णिमाकै दिन महापरिनिर्वाण हुनुभयो । महापरिनिर्वाणको त्यो अन्तिम हृदय विदारक शैय्यामा तथागतले यसरी अन्तिम उपदेश गर्नुभयो-

"हन्द भिक्षुगण, ध्यान दिएर सुन म भन्छु, जे जति छन् संस्कार सबै नाशवान नै छन् । अप्रमादी भई वयधम्म संस्कार क्षय गर्न सिक त्याज्य छन् अकुशल भनी कुशल सम्पादन गर ।" ■


**Reliable Durable Economical & Almost Maintenance Free**

स्वाँया पुन्ही २५४४ या सकसितं भिन्तुना !



Now Introducing Black Colour

*Make your home, office and showroom a different look with*

**Anodized Aluminium Alloy Doors, Windows, Shop-fronts, Partitions & Curtain Walls**



NU-TECH PVT. LTD.

**NU-TECH (P) LTD.**

Jyoti Bhawan (IInd Floor), Kantipath, Kathmandu

E-mail: nutech@mos.com.np

Tel. No. 266456, Fax: 977-1-254677

*For your Requirements*




# CONGRATULATIONS !

## Dharmakirti Buddhist Study Circle

## &

## Happy Vaisakh Festival

## 2544

# GALAXY PUBLIC SCHOOL

Regd. No. # 043/430
Gyaneshwor
BOX 4901, KATHMANDU, NEPAL
TEL: 415873, 411362


Downloaded from http://www.dhamma.digital

# वातमिग जातक

प्रकाश बज्राचार्य

राजाको बगैंचा अति भव्य थियो । राम्रा राम्रा फूल र मीठा मीठा फलहरूले भरिएको थियो । ठूला ठूला रूख, थरिथरिका बोटहरू चारैतिर थिए । घाँस सधैं साना साना हुने गरी काटिराख्थ्यो । बोट बिरूवाहरू रंग, वास र उचाई अनुसार ठाउँ ठाउँमा लगाएका थिए । झाडी उम्रन पाउँदैनथ्यो । झरेका पातहरू, सुखेका फलहरू र मुर्झाएका फूलहरू देखिंदैनथ्यो । र बगैंचाको यस्तो भव्यताको जिम्मेवार थियो संजय माली । उ आफ्नो जिउ ज्यान लगाउँथ्यो राजाको बगैंचा मनोरम पार्न ।

बेलाबखतमा बगैंचामा फलेका रसिला फलफूलहरू संजय मालीले राजाकहाँ चढाउन ल्याउँथ्यो । एकदिनको कुरो । फलफूल चढाउन ल्याउने संजय मालीलाई राजाले सोधे, "माली ! हाम्रो बगैंचामा त खुबै मिठा फलहरू फल्दा रहेछन् । तिमीलाई त्यत्रो ठूलो बगैंचा सम्हाल्न गाह्रो त लाग्दैन ?"

"लाग्दैन महाराज ! म आफ्नो कामदेखि पूर्ण सन्तुष्ट छु ।"

"फूलहरू कत्तिका फूल्छन् नि ?" राजाले सोधे ।

"बगैंचा धपक्कै छ थरिथरिका फूलहरूले गर्दा । सरकार पनि एकपल्ट सवारी होइबक्सियोस् न ।" संजयले प्रार्थना गरे ।

"आउँछु नि । केही कठीनाई त परेको छैन हैन तिमीलाई ? चराचुरुङ्गी पशुपंक्षीहरू दुःख त दिंदैनन् तिमीलाई ?" राजा राम्रो मुडमा थिए ।

"दिंदैन, महाराज । अँ, एउटा कुरो सम्झें । आजभोलि बगैंचामा एउटा अति राम्रो वातगामी मृग आउने गर्छ । तर म देख्यो कि भागिहाल्छ ।"

"वातगामी मृग ! यी मृगहरू त अति दुर्लभ मृग हुन् । मान्छेको सामु नै पर्दैनन् । होइनन् र ?"

"हो, महाराज सत्य हो ।"

"संजय ! के तिमीले त्यो मृग मलाई ल्याइदिन सक्छौ ? के यो असम्भव काम तिमी गर्न सक्छौ ?" र ाजाले सोधे ।

"असंभव केही छैन, महाराज । केही दिन भित्रै म त्यो मृगलाई यो दरवार भित्रै ल्याइदिन्छु । बरू मलाई केही मह चाहिन्छ ।" संजयले वचन दिए ।

भोलिपल्ट संजय गएर बगैंचाका घाँसहरूमा मह लगाईदियो । मीठो घाँस खान पाएर त्यो मृग पनि पल्के । हुँदा हुँदा त्यो मृग मान्छेदेखि नडराउने भयो । संजयको अगाडि अगाडि आई घाँस खान आउने भयो । केही दिनपछि मालीको हातमा रहेको मह लिप्त घाँस खान नहिचकिचाउने भयो ।

थोरै दिनपछि अब त मैले यो मृगको विश्वास जितिसकें भन्ने लागिसके पछि संजय मालीले बाटोभरि त्यस्तै घाँसहरू छरी मृगलाई डोऱ्याउँदै राजाको दरवार भित्र लगे । मृग भित्र पुग्नासाथ उम्कन नपाओस् भनेर चारैतिरका झ्याल ढोकाहरू बन्द गरिए । बिचरा मृग फँस्यो नराम्रोसंग ।

राजा आए । विवश विचरा मृगलाई देखे । अनि बाध्य भए ऊ- "साँच्चै संसारमा रस तृष्णाभन्दा खराब अरू केही छैन । कुनै मान्छेको सामु देखा पनि नपर्ने वातगामी मृग आज रस तृष्णामा बाँधिएर यहाँ फस्न आए । कस्तो तृष्णा हो यो जसमा फसेर आफ्नो प्राण पनि खतरामा पार्न हिचकिचाउँदैन । धिक्कार छ यस्तो तृष्णालाई !"

राजालाई माया लागेर त्यो मृगलाई फेरी जंगलमै छोड्न पठाए ।

× × ×

**यो जातक भगवान् बुद्धले काम तृष्णामा फसेर भिक्षुत्व त्याग गर्ने चुल्ल पिण्डपातिक तिष्यको सम्बन्धमा भन्नुभएको थियो । यसमा राजा स्वयं बोधिसत्व थिए ।**

■

**NOT TO DO EVIL**
**पाप कर्म कहिल्यै नगर्नु**
**TO CULTIVATE MERIT**
**पुण्य गर्दै जानु**
**TO PURIFY ONE'S MIND.**
**आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु**
*– This is the teaching of the Buddhas.*
*यहि नै बुद्धहरूको उपदेश हो ।*



May all sentient being attain
the highest state of Completeness
being on the foot steps of
BUDDHA

# HAPPY VAISAKH FESTIVAL

2544

Indian Oil

SERVO
WORLD CLASS LUBRICANTS

# JEETU CONCERN

*Authorised Distributor for* **SERVO** *Lubricants*
*in the Kingdom of Nepal*

**HEAD OFFICE:**
P.O. Box 63, New Baneshwor, Kathmandu, Nepal
Tel.: (0) 496048, 496772, 496773
(R) 432041, 436239
Fax: 977-1-490497

Downloaded from http://www.dhamma.digital

# भारतीय बौद्धहरूबिच (एक आपसमा) राम्रो सम्बन्ध हुनु आवश्यक छ–३

आचार्य, सत्यनारायण गोयन्का

भारतमा आफूलाई बौद्ध भन्ने व्यक्तिहरू थुप्रो संख्यामा छन्, यदि यिनीहरू विच एक आपसमा बिग्रिरहेको सम्बन्ध सुधिन सकेन भने यस्तो स्थितिमा छिमेकी देशले यस कार्यशालाको नेकनियतिलाई स्वीकार गर्नेछ नै भनेर धेरै आशा लिन सकिदैन। (यहाँ) प्रश्न केवल छिमेकी देशहरूलाई सन्तुष्ट र प्रशन्न पार्ने मात्र होइन, बरु आफ्नो देशको एकता र बचे खुचेको अखण्डतालाई नै कायम गर्नु पनि हुन आउँदछ। यस अवस्था सामाजिक स्थिति विरूद्ध गरिएको उँच नीचको घोर अमानविय विद्रोहको नै परिणाम हो। समाजकै एक अंगलाई अछूटको रुपमा छुट्टाई उनीहरूप्रति सदियौं देखि अमानुषिक अत्याचार गरिएको छ, त्यसलाई नकार्न सकिदैन। जन्मलाई लिएर वर्णहरूको स्थापना गर्नु र त्यसैबाट भिन्न-भिन्न उँच नीच मानिने विभिन्न जातीहरूको उपज हुनु राष्ट्रको अखण्डताको लागि स्पष्ट रूपमा घाटक सिद्ध भएको छ र भविष्यमा त योभन्दा पनि बढि घाटक सिद्ध हुनेछ। यस विषयमा कुनै पनि समझदार व्यक्तिले नजर अन्दाज लगाउन सकेको छैन। काँचीका श्रद्धेय शंकराचार्यजी यस दिशामा गंभीर चिन्तना गर्नु हुन्छ, र उँच नीचका जाती जन्म भेदभावलाई मेटाउन पर्छ भन्ने विषयमा (उहाँपनि) समर्थक हुनुहुन्छ भन्ने विषयमा मैले डा. मोदीको तर्फबाट जान्न पाएकोले धेरै खुशी लागेको छ (त्यसैले) यस दिशामा यस कार्यशालाले धेरै महत्वपूर्ण कार्य गर्न सक्नेछ।

मलाई पनि काँचीका श्रद्धेय शंकराचार्यजीको बारेमा जहाँबाट जुन सूचनाहरू प्राप्त भएका छन्, तिनीहरू सुखद नै प्राप्त भएका छन्। उहाँ ज्यादै उदारवादी, समझदार, दूरदर्शी हुनुहुन्छ भनेको कुरो मैले सुनेको छु। उहाँमा कट्टरताको नामोनिशान छैन। (उहाँ) भारतको एकता र अखण्डतालाई कायम राख्ने पक्षमा हुनुहुन्छ। उहाँसंग कुराकानी गर्नुमा मेरो एउटै मात्र लक्ष यो छ कि के उहाँ पुराणहरूको भूमिकालाई जानेर पनि अवतारको विषयलाई फेरि उठाउन चाहनु हुन्छ अथवा डा. मोदीको साथीहरूले रंगूनमा रहँदा यस्तो आश्वासन दिनु भएका थिए कि शंकराचार्यजीले बर्माको बाटोबाट पैदल यात्रा गर्दै थाइलैण्ड जानु हुनेछ, उहाँले बर्माको एक या दुई दिवसको सम्मेलनमा पुराना कुराहरूलाई विर्सन आग्रह गर्नु हुनेछ र पहिला घटेका (घटना) हरूलाई लिएर प्रायश्चित गर्नु हुनेछ। मलाई भारतको वस्तुस्थिती देखेर यस आश्वासन बारे विश्वास लागेको थिएन, परन्तु ती दुबै बन्धुहरूले बर्माका धर्म मन्त्रालयका भूतपूर्व उपमन्त्री र वर्तमानका बुद्धानुयायीहरूको संघको सभापती मेजर चिं ञ्यूंको अगाडि यस आश्वासनलाई दृढतापूर्वक दोहऱ्याउनु भयो। तर अन्त्यमा त्यस्तो कुनै हुन पाएन। (त्यसैले) धेरै उदार भएर पनि काँचीका श्रद्धेय शंकराचार्यजीले यस दिशामा केही गर्नु हुनेछ- जसबाट छिमेकी देशका मानिसहरूको तप्त हृदयमा शीतल मैत्रीरूपी वर्षा हुनेछ र तिनीहरूले भित्री मनदेखि नै भारतलाई साथ दिनेछन् भन्ने यस कुरोमा मलाई फेरि विश्वास भएन। यदि यसो हुन सके त देशको लागि एक ठूलो सौभाग्यको कुरो नै हुनेछ।

जन्मको आधारमा मानिएको वर्ण व्यवस्था यतिका जाती र उपजातीहरूमा बाँडिएर देशको एकताको लागि धेरै ठूलो खतरा बनेको छ। के यसलाई हटाउनका लागि कुनै ठोस कदम उठाउन सकिन्छ र ? मैले श्रद्धेय शंकराचार्यजी संग स्वयं भेटेर यी दुबै समस्याहरू बारे उहाँको विचार जान्न चाहन्छु। ता कि मैले (सही) निर्णय गर्न सक्नेछु कि यस्तो कुनै कार्यशालामा मैले भाग लिन पर्ने हो या होइन जसको सुपरिणाम आउँदा मलाई तबसम्म गहिरो संदेह हुनेछ, जबसम्म कि मित्रताको लक्षसम्म पुग्ने साधन बदल्न नपावस्। यदि यिनीहरू बदल्न कठिन हुन्छ भने मैले आफूले आफैलाई यस्तो कुनै पनि कार्यशालाबाट टाढा राख्न नै उचित सम्झने छु।

कुनै पनि विवादमा पर्नु मेरो लागि न श्रेयस नै हुन्छ न त प्रेयस नै र नत मेरो स्वभाव अनुकूल नै छ । मैले आफ्नो सामर्थ्य शक्ति अनुसार जुन कार्य गरिरहेको छु र जसबाट भारतको अखण्डतामा धेरै ठूलो बल मिल्नेछ भन्ने मलाई विश्वास छ त्यसको गौरब - गरिमा सारा विश्वमा पुनर्स्थापित हुनेछ, त्यही क्षेत्रमा मैले आफ्ना सारा उर्जा र शक्ति लगाइरहने छु । यही उचित हुनेछ । उपरोक्त समस्या नै मेरो लागि प्रमुख कारण थिए जसको लागि मैले श्रद्धेय शंकराचार्यजीसंग भेटेर विचार विमर्श गर्न चाहेको थिएँ । परन्तु म यो पनि बिल्कुल चाहन्नथें कि हाम्रो पारस्परिक ऐतिहासिक वार्तालाप सफलदायी नहोस् । त्यसैले भेट्नुभन्दा पहिला उहाँको विचारलाई जान्न चाहन्छु ।

मेरो सधैं हार्दिक कामना यही हुनेछ कि विश्वको सबै धार्मिक परम्पराहरू बिच एक आपसमा स्नेह भाव रही रहोस् । पारस्परिक मत भेदको कुनै पनि मुद्दालाई महत्त्व नदिई शील, सदाचार, संयम, निर्मल चित्त र तज्जन्य मैत्री, करूणा तथा सद्भावनालाई महत्त्व देओस् । भगवान् बुद्धको श्रमण परम्परा र वैदिक परम्पराले पनि यही मूल आधारलाई महत्त्व दिइ पारस्परिक सहयोग बढावस् । यस्तो भयो भने लुम्बिनीमा हुन गइरहेको कार्यशाला अवश्य सफल हुनेछ । पवित्र हिमालयको आंगनमा बोधिसत्त्व शाक्य कुमार शिद्धार्थ गौतमलाई जन्म दिने नेपालभूमि पनि गौरवान्वित हुनेछ तथा शाक्यमुनिलाई जहाँ सम्यक सम्बोधि प्राप्त भयो, त्यस पावन भारतभूमि पनि गौरवान्वित हुनेछ । सदियौं पहिलेदेखि स्नेह सम्बन्ध राख्ने यस छिमेकी देशहरूको साथ साथ सारा विश्वको नै कल्याण हुनेछ । ■




# बुद्धपूर्णिमाया लसताय् सकल प्राणीमात्रया भिं जुइमा !

गायरेन्टी दुगु लुँ, वःहया तिसा न्याय मासा जिमित लुमंका दिसँ ।

**न्यू जेम्स रेय् ट्रेडर्स**
न्हू सतक, यें
फोनः २४४-७५१

**जीत अर्नामेन्टस्**
वनबहाः, गाबहाः यल ।
फोन : ५४०-७५७, ५२२-८१३



Downloaded from http://www.dhamma.digital



Our Hearty Felicitation

to

***Dharmakirti Buddhist Study Circle***

& All

On the Auspicious Occasion of

**VAISAKH FESTIVAL 2544**



# RADHIKA ENTERPRISES

TEKU ROAD, TRIPURESWOR-11, KATHMANDU, NEPAL

**TEL: 261804, 261214, RES. 533239, FAX: 977-1-261152**

TOYOTA NISSAN MISTSUBISHI ISUZU MAZDA SUZUKI

*We deal in spares parts for all kinds of Japanese Vehicle, specialist in Car Cassette, CD Player, Car Speaker and all kind of Auto Car Air Condition*



# CONGRATULATIONS !

## Dharmakirti Buddhist Study Circle
## &
## Happy Vaisakh Festival 2544

# N B Bank

## नेपाल बङ्गलादेश बैंक लि.

## Nepal Bangladesh Bank Ltd.

***Joint Venture with IFIC Bank Ltd. Bangladesh***

*The Bank for Everyone*

A term of an energetic and highly experienced professionals, high speed response to customers needs, fully computerised and personalized services, attractive interest on deposits and much more helps you to realise your dream in the most convenient way.

**Come to us, feel the difference and go with smile.**

***Head Office/Main Branch***
Bijulibazar, New Baneshwor
P.O. Box 9062, Kathmandu
Tel: 490195/490698/490767, Fax: 490824

***Putalisadak Branch***
Kathmandu Plaza, 1st Floor
Kamaladi, Kathmandu
Tel: 258370/258308/258310, Fax: 258309
TLX: 2816 NB BANK NP

***New Road Branch***
Meera Home
Khichapokhari
Tel: 277298, Fax: 271396

***Kalimati Branch***
Kalimati, Ward No. 13, Kathmandu
Tel: 277298, Fax: 271396

***Sainbu Bhainsepati Branch***
Sainbu VDC-4, Bhainsepati
Lalitpur
Tel: 520028, Fax: 520028

***Battar Bazar Branch***
Bidur 3, Battar Bazar
Nuwakot, Nepal
Tel: 010-60256, Fax: 010-60256

***Janakpur Branch***
Bhanu Chowk
Janakpurdham, Nepal
Tel: 041-22743/21545, Fax: 041-21549

***Butwal Branch***
Traffic Chowk
Butwal, Rupandehi
Tel: 071-44485, Fax: 071-44774

***Hetauda Branch***
Main Road
Hetauda
Tel: 057-24936
Fax: 057-24936

***Birgunj Branch***
Alkhiya Road
Birgunj
Tel: 051-23494/23689
Fax: 051-24860

**THE BANK WHERE ONLY QUALITY COUNTS**

Downloaded from http://www.dhamma.digital

# एघार्‍ह दिनको बौद्ध तीर्थ भ्रमण

✍ अक्कल ध्वज गुरुङ्ग, चितवन

**"जातिपि दुक्खा, जरापि दुक्खा, ब्याधिपि दुक्खो, मरणम्पि दुक्खं"**

**"जन्मनु नै दुःख, वृद्ध हुनु नै दुःख, रोगी हुनु नै दुःख, मरण नै दुःख"**

भगवान् बुद्धले बुद्धत्त्व प्राप्ति पछि के धनी के गरीव, के राजाके भिखारी के विद्वान के अनपढ, सारा ब्यक्तिहरूलाई चित्त विमुक्तिका मार्गफल गाउँ नगर, जनपद तथा विभिन्न राज्यहरूमा पैदल भ्रमण गर्दै महत्त्वपूर्ण धर्मदेशनाहरू दिंदै चारिका तथा उद्धार गर्दै हिंडेका ऐतिहासिक स्थलहरू अनगिन्ति छन् । सबैले आ-आफ्नो प्रचलन अनुसार बौद्ध गुम्बाहरू, बौद्ध विहारहरू, स्थापना गरी पूजा पाठ गर्ने परम्परा विद्यमान हुँदैछ । तथापि बौद्ध धर्मावलम्बीहरूका लागि चार स्थानहरू अति महत्त्व र तीर्थभूमीको रूपमा पूजनीय छन् । ती भूमिहरू यसरी उल्लेखित छन् - (१) लुम्बिनी (जहाँ सिद्धार्थ गौतमको जन्म भयो) (२) बुद्धगया (जहाँ उहाँले बुद्धत्त्व प्राप्त गर्नुभयो) (३) सारनाथ (जहाँ बुद्धले सर्वप्रथम धर्मदेशना गर्नुभयो) (४) कुशीनगर जहाँ भगवान बुद्धले महापरिनिर्वाण (देहत्याग) गर्नुभयो । यी चारधामका अतिरिक्त अन्य ऐतिहासिक स्थलहरूको पनि भ्रमण गर्ने शिलशिलामा बौद्ध धर्म सेवा समिति तीनखोले बौद्ध गुम्बा चितवनले मेरो संयोजकत्त्वमा बौद्ध तीर्थ भ्रमण जाने निर्णय गरियो ।

मिति २०५४ चैत्र १८ गते बौद्ध धर्म सेवा समिति तिनखोले बौद्ध गुम्बा चितवनबाट २ वटा बस ८४ जवान बौद्ध तीर्थयात्रीहरू लिई हेटौंडा, पथलैया, वीरगंज हुँदै रक्सौल पुग्यौं । १९ गते बिहान बैशाली पुगी त्यहाँको ऐतिहासिक संग्रहालयको अवलोकन पछि पानीको तलाउंलाई परिक्रमा गर्दै स्व. भिक्षु नावातामे ज्यूले बनाइदिनु भएको स्तूप र पार्क अति मनमोहक र शान्त. ठाउँको अवलोकन गर्‍यौं । त्यसपछि हामी पाटलीपुत्र (पटना) तर्फ लागियो । २० गते बिहान नालन्दा तर्फ बढियो । नालन्दा विश्वविद्यालयको भग्नावशेष स्थल अवलोकन पछि २ बजे राजगृहको चौतारामा रोकियौं । हाम्रो बौद्ध तीर्थ भ्रमण स्वीकारी पाल्नु भएका अनुपमा गुरुमां र केशावती गुरुमांबाट सर्वप्रथम यहाँका ऐतिहासिक स्थलहरू विषयमा जानकारी दिनुभयो । राती बर्मी विहारमा बास बस्ने व्यवस्था मिलाईयो । आ-आफ्ना सामानहरू थन्क्याई जापानी शान्ति स्तूप हेर्न पुग्यौं । चारैतिरको प्राकृतिक सौन्दर्य तथा मनोरम स्थानले ज्यादै लोभ्याइएको थियो । त्यहाँबाट गृद्धकुट पर्वत नजिकै पर्दछ । त्यहाँबाट फर्केर राती ८ बजे ९३ वर्षका वयोवृद्ध श्रद्धेय बर्मी भन्तेबाट बुद्ध वन्दना र धर्मदेशनाका साथै बुद्धको अस्थिधातुको दर्शन गराउनु भयो ।

२१ गते बिहान राजगृहको तातोपानीमा नुहाउन पुगियो । वेणुवनको दृश्यावलोकन गरी भोजन पश्चात् बुद्धगया बर्मी विहार पुग्यौं । आफ्ना सामानहरू कोठामा राखी सर्वप्रथम सिद्धार्थ गौतमले बुद्धत्त्व प्राप्त गर्नुभन्दा पहिले सुजाताले क्षीर भोजन दान गर्नुभएको स्थान अवलोकन गरी साँझपख सिद्धार्थले बुद्धत्त्व प्राप्त गर्नुभएको स्थानमा बुद्ध पूजा गरी विहारमा फर्कियो । २२ गते बार्‍हबजे बुद्धगयाबाट सारनाथको लागि प्रस्थान गरियो । २३ गते बिहान ५ बजे सारनाथ बर्मीज विहार पुगियो । हामीलाई धम्मवती गुरुमाँ लगायत विभिन्न नेपाली दाताहरूबाट बनाइदिनुभएको नेपाली धर्मशाला र त्यहिँको बर्मीज धर्मशालामा बस्ने व्यवस्थित गरियो । दिउँसो बनारस सिटी, काशी, हरिश्चन्द्रघाट लगायत विभिन्न ठाउँको दृश्यावलोकन गर्दै फर्कियौं । चार बजे बुद्धले पंचवर्गिय भिक्षुहरूलाई सर्वप्रथम धर्मदिशना दिनु भएको स्थान, स्तूप, पार्क, भग्नावशेषको अवलोकन गरियो । राती अनुपमा गुरुमांबाट सारनाथको महिमाबारे चर्चा गर्दै बुद्धले सबभन्दा पहिला धर्मदेशनाको प्रारम्भ गर्नुभएको ऐतिहासिक स्थल र सारनाथको महिमा विषयमा विश्लेषण गर्नु भएको थियो ।

२४ गते बिहान १० बजे कुशीनगरको लागि प्रस्थान गरियो । "रामभार" भगवान बुद्धको दाह संस्कार गरेको स्थान, अवलोकन गरियो । २५ गते बिहान सवेरै जापानी मन्दिर तथा विभिन्न राष्ट्रहरूले बनाउँदै गरेका बौद्ध मन्दिरहरूको पनि अवलोकन गरियो । एघार

बजे श्रावस्तीको लागि प्रस्थान गरियो । श्रावस्तीमा पुगी बर्मिज विहारमा बस्ने ब्यवस्था मिलाए पछि अंगुलिमाल लुकी बस्ने स्थान र बुद्धले उसलाई बोध गर्नुभएको स्थान हेरी जेतवन विहार अवलोकन गरियो । २६ गते बिहान श्रीलंका बौद्ध मन्दिरको दर्शन गरियो । भोजनपछि लुम्बिनी फर्कियौं र धम्मवती गुरुमांले बनाउनु भएको गौतमी विहारमा पुगियो । २७ गते बिहान भगवान् बुद्धको जन्मस्थल "मायादेवी मन्दिरको" लथालिङ्ग अवस्था, अशोक स्तम्भ र पानी पोखरी अवलोकन गरियो । मुख्य महामायाको मन्दिर कहाँ हो ? बुद्ध जन्मेको स्थान कता हो ? बुद्ध जन्मेको ठाउँको धूलो माटो नै किन नहोस् चाहे पीपल पात नै किन नहोस् ? संरक्षण र सवर्द्धन गर्ने दायित्त्व कसको हो ? भगवान् बुद्धको जन्मस्थानको यो अवस्था देखेर आँसु नझार्ने को होला ?

श्रद्धेय भिक्षु विमलानन्द महास्थविरज्यूबाट धर्मदेशनाको शिलशिलामा भन्नुभयो-यति ठूलो जमात नेपालीहरूको बौद्ध तीर्थ भ्रमण गर्ने र गराउने यो मेरो अनुभवमा पहिलो नै हो । हामी भोजन पछि जापानी मन्दिर, शान्ति दीप, कोरिया तथा चाइनीज मन्दिर हेरेर फर्क्यौं र हामी तिलौराकोट तर्फ लाग्यौं । सर तेजकुमार बुद्धाचार्य ज्यूले तिलौराकोट शुद्धोदन महाराजाको दरवार, निग्लीहवा कनकमुनि बुद्धस्थल र गोटीहवा ककुच्छन्द बुद्धस्थलको बारेमा यथार्थ रूप बताउनु भयो । यस देशमा यस्ता ऐतिहासिक महत्त्व स्थलहरू हुनु सवैले शौभाग्य र गौरव मान्नु पर्थ्यो । तिलौराकोटबाट फेरि लुम्बिनी पुग्यौं । २८ गते बिहान शान्ति नगर बौद्ध (भैरहवा) गुम्बा हेर्न गयौं । गुम्बाका प्रतिनिधी मित्रहरूले हाम्रो स्वागत र चिया नास्ताको ब्यवस्था समेत गराउनु भएको थियो । गुम्बाका प्रतिनिधी मित्रहरूसंग बिदा भई हामी बुटवल, देवदह, सुनौली र परासी बजार हुँदै रामग्राम पुगियो । भगवान बुद्धको अस्थिधातु ल्याई चैत्य बनाइएको प्रसिद्ध ठाउँ हाल उदाङ्ग अवस्थामा रहेको माटोको थुम्का र इँटाहरू देख्न पाइन्छ । हालसालै बुद्ध मन्दिर बनाइदिएको छ । रामग्राम वस्तुस्थिती अवगत गरी दाउन्ने पुग्यौं र भोजन त्यहीं गरियो । दुम्किवास, आरौंखोला, कावासती, नारायणगढ बजार परिक्रमा पछि बौद्ध धर्म सेवा समिति तीनखोले गुम्बा पुग्यौं । तीर्थ यात्रा अवधिमा दिदी बहिनीहरूमा आएको उत्साह, उमंग र जोश उनीहरूको एक आपसमा भएको मित्रता सद्भावना र प्रेमले एघार्ह दिन बितेको पत्तै भएन ।

यस बौद्ध तीर्थ भ्रमणको प्रेरणाले हाम्रो आँखा खुलेको अनुभव भएको छ । हाम्रो तीर्थयात्रालाई पूर्ण सफलताको लागि प्रेरणा प्रदान गर्नुहुने श्रद्धेय गुरुमांहरू अनुपमा र केशावतीलाई अन्तरमन देखि साधुवाद टक्र्याउन चाहन्छु । बौद्ध तीर्थ भ्रमणलाई गुरुमांहरू पठाउनु भई सहयोग गरिदिनु भएकोमा आदरणीय दाजुहरू श्री लोकदर्शन बज्राचार्य र श्री इन्द्रबहादुर गुरुङ्ग ज्यूलाई पनि साधुवाद नदिई रहन सक्दिन । साथै हामीलाई बसको सबै ब्यवस्था मिलाई सहयोग गरिदिनु हुने आत्मिय धर्म मित्र श्री ताराचन्द केडियाज्यूलाई पनि धन्यवाद नदिई रहन सक्दिन । अन्त्यमा भाई श्री देवेन्द्र गुरूङ्ग, श्रीमती कमला गुरूङ्ग लगायत सारा सहयोगी मित्रहरूलाई "विपश्यना" लाभी भई सद्धर्मप्रति जागरूकता आवस्, चेतनाको अभिवृद्धि होस् भन्ने कामना छ । ■

*(यो लेख २ वर्ष अगाडि नै प्राप्त भएको हो । तैपनि केही कारण वस समयमै छाप्न नसकी ढीलाई भएकोमा हामी क्षमा प्रार्थी छौं । सं.)*






Downloaded from http://www.dhamma.digital



# शान्ति नायक गौतम बुद्धया

## जन्म, सम्बोधि व महापरिनिर्वाण चूलागु

## स्वाँया पुन्ही लसताय् भिन्तुना

बु.सं. २५४४

Dhamma.Digital


# अरनिको बोर्डिङ्ग स्कूल

खुमलटार

फोन: ५७०८०८, ५७०८७३


Downloaded from http://www.dhamma.digital





# BANK OF KATHMANDU

*We combine*
*excellent banking services*
*and*
*tradition of both*
*Nepal and Thailand.*

बैंक अफ काठमाण्डू लिमिटेड

**BANK OF KATHMANDU LIMITED**

(In collaboration with THE SIAM COMMERCIAL BANK PUBLIC COMPANY LIMITED, Thailand)
P.O. Box 9044, Kamal Pokhari, Kathmandu, Nepal.
Tel. : 414541 (7 Lines), Fax : 977-1-418990, Telex :2820 BOK NP

**THAMEL EXTENSION COUNTER**
Thamel, Kathmandu, Nepal, Tel. : 977-1-255-368, 255-369

*International banking, the personalised way.*

Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय-१८

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

**[४.घटिकार सुत्त (२.३.४) बुद्ध धर्मबाट नै मुक्ति मिल्नेछ अरुबाट होइन]**

अलग्ग एक स्थानमा उभिएर घटिकार देवपुत्रले भगवान् बुद्ध समक्ष यस गाथा प्रस्तुत गरे-

अविह लोकमा उत्पन्न भएर, सात जवान भिक्षुहरू मुक्त भए, राग, द्वेष र मोह नष्ट गरेर (तिनीहरू) यस भवसागरबाट पार भए। तिनीहरू को होला ? जसले यस हिलोलाई पार गर्न सफल भए ? मृत्युको त्यस ठूलो दस्तुर राज्यलाई जसले मनुष्य शरीर त्यागी सर्वोच्चस्थान प्राप्त गर्न सफल भए ?

उपक, पलगण्ड र पंक्कुसाति आदि यी तीन व्यक्तिहरू, भद्दिय, खण्डदेव, बाहुरग्गि र पिङ्गिय आदि चार व्यक्तिहरू गरी (सात जवान व्यक्तिहरू) यिनीहरूले नै मनुष्य देहलाई त्यागी सर्वोच्चस्थान प्राप्त गरे।

भगवान् बुद्ध-

तिमीले तिनीहरूको विषयमा एकदम ठीक कुरा गर्दैछौ । जुन व्यक्तिहरूले मारको जाललाई काटे, तिनीहरूले कसको धर्मलाई जानेर बुझेर भव बन्धन तोड्न सफल भए त ?

देवता-

भगवान बुद्धलाई छोडेर अरु यहाँ कोही छैन,
तपाईंको धर्मलाई छोडेर अरु कुनै धर्म होइन,
तपाईंको धर्मलाई नै जानेर बुझेर तिनीहरूले
भव वन्धनलाई तोड्न सफल भएका हुन् ।

जहाँ नामरूप दुबै बिल्कुल निरूद्ध हुन्छन्, तपाईंको यस धर्मलाई जानेर तिनीहरूले भव बन्धन तोड्न सकेका हुन् ।

भगवान् बुद्ध,-

तिमीले धेरै गम्भीर (बुझ्न गाऱ्हो) कुरा गरिरहेका छौ ।

यसलाई ठीक तरिकाले बुझ्न गाऱ्हो छ, ठीक तरिकाले थाहा पाउन कठिन छ । तिमीले कसको धर्मलाई जानेर यसरी कुरा गरिरहेका छौ ?

देवता-

पहिला म बेहलिंग भन्ने ठाउँमा रहन्थें। त्यहाँ म माटोको भाँडाकुँडा बनाउने एक कुम्हाले थिएँ । मैले आफ्ना आमा बुबालाई पालन पोषण गरिरहेको थिएँ। म (भगवान्) काश्यपको उपासक थिएँ।

मैथुन धर्म सेवन नगरी, ब्रह्मचर्य पालन गरी, पूरा त्यागी भई, एकै गाउँमा रहने म (तपाईंको) पहिलेको मित्र अर्थात् साथी हुँ । त्यसैले मैले तिनीहरू (सात जवानलाई) चिन्छु। विमुक्त भएर गएका ती सात जवान भिक्षुहरूको राग, द्वेष (र मोह) सबै नष्ट भैसके, जसले भवसागरलाई पार गरिसके।

यसरी भगवान् बुद्ध भन्नुहुन्छ - "त्यसरी नै पहिला तिमी थियो अर्थात् पहिला तिमी वेहलिंग गाउँको भाँडाकुँडा बनाउने एक कुम्हाले थियौ ।"

यसरी भेट भएको थियो यी दुबै पुराना साथीहरूको, दुबै भावितात्माहरूको र अन्तिम शरीर धारण गरिरहनेहरूको।

**[५.जन्तु सुत्त (२.३.५) अप्रमादीलाई प्रणाम]**

यसरी मैले सुनें।

एक समय केही भिक्षुहरू हिमवन्तको नजिक कोशल जंगलमा रहेका थिए। उनीहरू उद्धत, अहंकारी, चपल, बकवास गर्ने, मनपरि मुख छाड्दै हिंड्ने, स्मृतिहीन, प्रज्ञाहीन, समाधि रहित, चंचल चित्त सहतिका असंयमी थिए।

तब जन्तु देवपुत्र पूर्णिमाको उपोसथ गर्ने दिनमा ती भिक्षुहरू बसेको ठाउँमा आए। त्यहाँ आई उनले ती भिक्षुहरूलाई यस गाथा भन्न थाले-

पहिला गौतम (बुद्ध) का श्रावक भिक्षुहरू सुखपूर्वक रहने गर्थे,

लोभ रहित भई भिक्षाटन गर्थे, आफू रहने ठाउँमा लोभ रहित भई रहने गर्थे।

संसारको अनित्यतालाई जानी उनीहरूले दु:खको अन्त्य गरे।

अब त आफूलाई बिगारी, गाउँका जमिन्दार जस्तै भई
धेरै (खाना) खाई निदाइरहेका छन्,
अरुहरूको घरका चीजहरूको लोभी
संघप्रति हात जोडी, यिनीहरू मध्ये कति जवानलाई प्रणाम गर्दछु ॥
जो प्रमादी । बेहाशी) छन्,
उनीहरूप्रति मैले यस्तो भनिरहेको छु-
जसरी मृत शरीर फ्याँकिएका हुन्छन्,
त्यस्तै ती (प्रमादीहरू) फुटिएका अनाथ जस्तै हुन् ।
र जो अप्रमादी भई (होशपूर्वक) रहेका छन्,
तिनीहरूलाई मेरो प्रणाम छ ॥

**[६. रोहितस्स सुत्त (२.३.६]**

लोकको अन्त्यलाई हिँडेर प्राप्त गर्न सकिंदैन, यसको अन्त्य प्राप्त गर्न नसकेसम्म मुक्ति प्राप्त गर्न पनि सकिंदैन ।

श्रावस्तीमा,

अलग्ग एक स्थानमा उभिएर रोहितस्स देवपुत्रले भगवान् बुद्ध समक्ष यसरी भन्यो-

"भन्ते ! हिंड्दा हिंड्दै त्यस्तो लोकको अन्त्य थाहा पाउन, हेर्न वा पुग्न सकिन्छ ? भन्ते ! जहाँ (जुन लोकमा) जन्मन नपर्ने, बुढा हुन नपर्ने, मर्न नपर्ने, शरीर छोडी फेरि उत्पन्न हुन नपर्ने हुन्छ ?"

[भगवान् बुद्ध]

आवुसो ! जन्म हुन नपर्ने, बुढा हुन नपर्ने, मर्न नपर्ने, शरीर छोडी फेरि उत्पन्न हुन नपर्ने, (त्यस्तो) लोकको अन्त्यलाई हिंड्दा हिंड्दै थाहा पाउन, हेर्न वा पुग्न सकिनेछ भनेर मैले बताएको छैन ।

[रोहितस्स देवपुत्र]

भन्ते ! आश्चर्य छ, अद्‌भूत छ । भन्ते ! भगवान् बुद्धले (सत्य) ठीक कुरा (यसरी) आज्ञा हुनु भएको छ- "......................लोकको त्यस अन्त्यलाई हिंड्दा हिंड्दै थाहा पाउन हेर्न वा पुग्न सकिनेछ भनेर मैले बताएको छैन ।"

भन्ते ! धेरै पहिले म ऋद्धि सम्पन्न, आकाशमा विचरण गर्न सक्ने रोहितस्स भन्ने ऋषि थिएँ । भन्ते ! त्यस समयमा म यस्ता गति र शक्तिले सम्पन्न थिएँ - जसरी कोही होशियार, तीरअन्दाज सिकाइएको, हात बसिसकेको (शिपालु), निपुण र अभ्यासी धनुर्धारीले एक हल्का तीरले सजिलै तरिकाले ताल वृक्षलाई छेड्न सक्थ्यो ।

भन्ते ! त्यस समय मेरो बेग यस्तो थियो,- जसरी (त्यस ताल वृक्ष ढलुञ्जेलसम्म) म पूर्वतिरको समुद्रबाट पशिचमको समुद्रसम्म हिंडेरै पुग्नेछु ।" भन्ते ! तब मेरो चित्तमा यस्तो विचार आउँथ्यो- म हिंडेरै यस लोकको अन्त्यसम्म पुग्नेछु ।

भन्ते ! म यस प्रकारको गतिले, यस प्रकारको वेगले भरिएर, खान पिन छोडी, दिशा- पिशाव गर्ने कार्यलाई नै त्यागी, सुत्ने र आराम गर्न नै त्यागेर सय वर्षको आयुसम्म बाँची बराबर यसरी नै हिंडिरहे तापनि लोकको अन्त्यलाई प्राप्त गर्न नसकी बिच बाटोमा पुगेरै म मरें ।

भन्ते ! आश्चर्य हो, अद्‌भूत हो । जुन भगवान् बुद्धले यसरी ठीक (सत्य) कुरा आज्ञा हुनु भएको छ- "................ लोकुका त्यस अन्त्यलाई हिंडेर, हेरेर, प्राप्त गर्न सकिनेछ भनेर मैले बताएको छैन ।"

[भगवान् बुद्ध]

- आवुस ! म भन्छु- "लोकको अन्त्यलाई प्राप्त नगरिकन दुःखहरूलाई अन्त्य गर्न सम्भव छैन । आवुस ! यही ब्याम भरको चित्तले युक्त भएको यस शरीरमा नै, यो लोक, यस लोकको उत्पत्ति, यस लोकको निरोध, र लोकको निरोध गर्ने मार्गहरू सबै समाविष्ट छन् ।

हिंडेर मात्र लोकको अन्त्यसम्म कहिले पनि पुग्न सकिंदैन,

लोकको अन्त्य प्राप्त गर्न नसकेसम्म
दुःखहरूबाट छुट्कारा पाउन सकिंदैन ॥
त्यसैले बुद्धिमानहरूले लोकलाई चिन्नुपर्छ,
लोकको अन्त्यलाई प्राप्त गर्ने व्यक्तिले
ब्रह्मचर्य धारण गर्ने व्यक्तिले
लोकको अन्त्यलाई ठीक तरिकाले जानी
न लोकको आशा गर्नेछ न परलोकको ॥

■


Downloaded from http://www.dhamma.digital





Downloaded from http://www.dhamma.digital

Congratulations !

Dharmakirti Buddhist Study Circle

&

HAPPY VAISAKH FESTIVAL

2544th

NGTC

**NEPA-GERMAN TRADING CO. PVT. LTD.**

**HEAD OFFICE:**
GPO Box 7903, Kathmandu, Nepal
Fax: 977-1-354403, Tel: 353182
E-mail: puspanja@bib.mos.com.np

**CONTACT TO:**
Brackeler STR 29, 44145 Dortmund, Germany
Tel: 0231-414748
Fax: 0049-231-414748

*with Best Compliments on the Auspicious Occasion of "Buddha Jayanti" 2544*

KC's RESTAURANT

**KC Restaurant & Bambooze Bar Pvt. Ltd.**

THAMEL
P.O. Box 1619, Kathmandu, Nepal

☎ : 414887, 416911



२५४४ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा

समस्त देशवासीहरूमा

सुस्वास्थ्यको कामना गर्दछौं ।

**सुनिल बल्लभ पन्त**
वरिष्ठ विकास अधिकृत

NLG

**नेशनल लाइफ एण्ड जनरल इन्स्योरेन्स कं. लि.**

पोष्ट बक्स नं. ४३३२, लाजिम्पाट, काठमाडौं, नेपाल ।
फोन : ४१२६२५, ४१८११३
फ्याक्स : ४१६४२७
इ-मेल : nlgi@mail.com.np

Downloaded from http://www.dhamma.digital

# सुख र शान्ति-भावना मैत्री

संघरक्षित भिक्षु, संघाराम

वर्तमान लोकमा प्राणीले प्राणीलाई दु:ख-कष्ट दिने, हिंसा गर्ने, परचित्तमा बिझ्ने र आघात पुग्ने कडा वचनवाण, असत्य अपवचन प्रहार गर्ने जस्ता असंख्य दुष्प्रवृत्तिहरू जताततै विद्यमान छन् । सायदै त्यस्तो रिक्त स्थान होलान् जहाँ ईर्ष्याको जगजगी नभएका हुन्, रगतको धारा प्रवाहित नभएका हुन्, भय र अशान्तिले व्याप्त नबनेका हुन् । यद्यपि मानव मानवका बीचमा पनि नानातवरका अन्याय-अत्याचार तथा झैझगडा हुने, निर्दयितापूर्ण व्यवहार गर्ने, अप्रिय कामकुरो गर्ने, असमानताको खोक्रो आडमा जातिभेद, गोत्रभेद जस्ता कलंकको जागरण गराई यत्रतत्र मात्र कलह नै कलहले वशीभूत हुने भएका छन् । भित्री तहसम्म नियाल्दा कारण त एउटै प्रष्टिन आउँछ-द्वेष, पर अवगुण स्मरण गरी रिसाइरहने, क्रोधित भइरहने स्वभावद्वेष ।

पापको मूल एवं दु:खको मूहान हो-द्वेष । स्वयंको अवनति एवं पतनको कारण हो-द्वेष । द्वेषी कुनै पनि व्यक्तिले कुनै पनि व्यक्तिलाई कुशलताको कामना गर्न सक्तैन, दया-करुणायुक्त सुदृष्टिले व्यवहार गर्न सक्तैन । अनर्थकारी भयावह द्वेषचित्तले विभूषित रहेसम्म प्राणीहरू अविद्यारूपी अन्धकारले छोपिएर, सदैव क्रुरभावमा निहित भइकन दैत्य-दानवको स्वभावमा लिप्त भई बस्छन् । अशुचीपूर्ण फोहर हातमा लिंदा आफैंलाई दुर्गन्धित बनाएसरी क्रोधले पनि परलाई हानी-नोक्सानी गरोस् या नगरोस् प्रथमत: स्वयंलाई नै हानी पुऱ्याउँछ भन्ने यथार्थता ज्ञात गर्नुपर्छ । अनन्त आकाशमा कुनै चित्र कोर्ने खाली ठाउँ नभएसरी स्वयंको चित्तमा द्वेषको स्थान निर्मूल गर्नुपर्छ । द्वेषचित्त निर्मूल गर्ने एकमात्र साधन, एकमात्र उपाय, एकमात्र मार्ग हो-मैत्रीभावना । स्वयं बुद्धले पनि एकस्थानमा भन्नुभएको छ-"भिक्षुहरू ! मैत्रीभावना गर । क्षणभरको मात्र समय लिई मैत्रीभावना सम्पन्न गरेतापनि म त्यसलाई ध्यान अशुन्य भन्छु । पुन: भन्छु ऊ शास्ताको आज्ञा पालन गर्ने पनि हो । फेरि राष्ट्रको पिण्ड पनि व्यर्थै नखाएको व्यक्ति हो ।"

भावना ४० प्रकारका छन् । राग, द्वेष, मोह, श्रद्धा, बुद्धि तथा वितर्क गरी चरित्र ६ प्रकारका छन् । चरित्र अनुकूल योगावचरहरूले भावनामा तल्लीन हुनुपर्छ । द्वेषचरित्र नै कलह एवं अशान्तिको प्रमुख निर्माता हो । द्वेषचरित्र रहेसम्म कसैप्रति पनि मंगलकार्य गर्नु त दूर छ, चिताउन पनि सक्तैन । तसर्थ, यस दुष्प्रवृत्तियुक्त द्वेषचरित्र शंसय हेतु योगावचारले मैत्रीभावना नै अपनाउनुपर्छ । द्वेष नै पापको मूल हो, दु:खको बीजारोपण हो भन्ने जानेर अनगिन्ती-अल्याख द्वेषका दुष्परिणामहरू ज्ञात गर्नुपर्छ । साथै द्वेषका विपरित मैत्रीले प्रदान गर्ने कल्याणकारी कुशल फलानिशंस पनि अनुस्मरण गर्नुपर्छ ।

मैत्रीको अर्थ सम्पूर्ण सत्त्वप्राणीहरूको हित, मंगल, सुख एवं निरोग कामना गर्नसक्नु हो, हरदम आचरण परजनप्रति कल्याणकारक एवं समान बनाइरहनु हो । मैत्रीचित्त बनाउन बुद्धोपदेशित द्वेषका दुष्परिणाम-उपद्रव एवं अनेकानेक घटनाक्रमहरू पनि अवबोध गर्नु तड्कारो देखिन्छ । प्रमुखत: द्वेषी-क्रोधी व्यक्तिलाई सात प्रकारका दुष्परिणामको सामना गर्नुपर्ने हुन्छ-

(१) क्रोधित मान्छे जति नै राम्रो वस्त्राभरण पहिरेर राम्रो बन्न प्रयत्न गरेतापनि रूप-सम्पत्ति मलिन भई नराम्रो नै बन्छ । (२) क्रोधित व्यक्ति सदैव दु:खमा डुबेर नै रहन्छ । (३) क्रोधित मान्छेले धन पनि प्राप्त गर्न सक्तैन । (४) क्रोधित व्यक्ति कहिल्यै महा धनवान् पनि हुँदैन । (५) क्रोधित व्यक्तिलाई सच्चा मित्रता पनि प्राप्त हुँदैन । (६) क्रोधित मान्छे यशवान पनि हुन सक्तैन । (७) क्रोधित व्यक्तिहरू मसानमा चिता बनाएर जसलाई फालिसक्केको काठ समान मात्र हो । जसरी मसानमा दुईतिर बलेर पनि बीचमा फोहर भइसकेर फालेको काठ न गाँउबासीहरूले संकलन गरी लग्छन्, न त जङ्गलबासीहरूले नै काममा उपयोग गर्छन्, यस्तै क्रोधी व्यक्ति मसानको ठूटो झैं हुन्छ ।

द्वेष उत्पत्तिको कारण आफूबाट, आफ्नो मित्रबाट तथा आफ्नो शत्रुबाट हुने गरी नौ प्रकारका र अर्को एक गरी दश प्रकारले हुने गर्छ । यसलाई क्रमिकरूपमा यसरी भन्न सक्छौं-आफूबाट (१) उसले मलाई अघि पनि दु:ख दियो (२) उसले मलाई अझ पनि दु:ख दिइनै रह्यो (३) भविष्यमा पनि दु:ख दिने नै छ ।

आफ्नो मित्रबाट (४) उसले मित्रप्रति अहित कार्य गऱ्यो (५) हाल पनि गरिनै रहेको छ (६) भविष्यमा पनि गरिनै रहनेछ । आफ्नो शत्रुबाट (७) उसले शत्रुलाई उपकार गऱ्यो (८) हाल पनि उपकार गर्दैछ (९) भविष्यमा पनि उपकार गर्ने छ । (१०) स्वभाव धर्मको कारणले (=सूर्य तात्दै छ, चन्द्रमा जाज्वल्यमान भइरहेछ, वर्षा भयो, हुरी-बतास चल्यो ....... इत्यादि)

तनाव-उत्पीडनका कारण द्वेषचित्तबाट विमुक्त रही मैत्रीभावनामा तल्लीन रहन मैत्रीभावनाबाट प्राप्त विविध फलआनिशंस पनि राम्ररी ज्ञात गर्नुपर्छ । जुन व्यक्तिले दत्तचित्त भएर मैत्रीभावना गर्छ, त्यसलाई ११ प्रकारका आनिशंस (फल) प्राप्त हुन्छ । ती निम्न प्रकारका छन्-

(१) सुखं सुपति - सुखपूर्वक निद्रा लाग्छ (२) सुखं पटिबुज्झति = सुखपूर्वक ब्युंझिन्छ। (जसरी कमलको फूल फुल्दा बिस्तारै फुल्ने हो, त्यसरी नै मैत्रीभावना गर्ने योगी पनि बिस्तारै निद्राबाट ब्युंझिन्छ।) (३) न पापकं सुपिनं पस्सति = नराम्रो स्वप्न देखिँदैन। देखिहाले पनि डरलाग्यो भन्ने कहिल्यै हुँदैन (४) मनुस्सानं पियो होति = अमनुष्यहरूको पनि प्रिय हुन्छ। अमनुस्सानं पियो होति = अमनुष्यहरूको पनि प्रिय हुन्छ। (६) देवा रक्खन्ति = देवताहरूले रक्षा गर्छन्। (७) नस्स अग्गि वा विसं वा सत्थं वा कमति = आगो, बिष, हतियार जस्ताले छुन सक्तैन। (८) तुवटं चित्तं समाधियति = समाधि भावनामा बस्ने हो भने तुरुन्तै समाधि प्राप्त गर्छ। (९) मुखवण्णो विप्पसीदति = अनुहारको रूप-वर्ण राम्रो हुन्छ। (१०) असंमूल्हो कालं करोति = मरणासन्न अवस्थामा बेहोश हुँदैन। (११) उत्तरि अप्पटि विज्झतो ब्रह्मलोकूपगो होति = अति उत्तम अर्हत् फल प्राप्त गर्न नसकेतापनि ब्रह्मलोक प्राप्त हुन्छ।

मैत्री, करुणा, मुदिता र उपेक्षा चार प्रकारका भावना हो, चतुब्रह्म विहार पनि भनिन्छ। यसमा पनि प्रमुख मैत्री भावना परिपूर्ण गर्न भावनाका काँडा समान भएका स्थानदोष, व्यक्तिदोष तथा आहारदोष आदि बिघ्न-वाधा, प्रपञ्चबाट अलगगिएर कर्मस्थानभावना ग्रहण गर्नुपर्छ। आफूभित्रका अनैतिक अकुशल आचरण, दुश्शील प्रवृत्ति जस्तालाई परित्याग गरेर शील सदाचारद्वारा चित्त संयमित बनाई अनुकूल स्थानमा उचित तवरले मैत्रीभावना प्रारम्भ गर्न सकिन्छ। मैत्रीभावना गर्दा पनि शुरूमा (क) अप्रिय व्यक्ति, (ख) अतिप्रिय व्यक्ति (ग) मध्यस्थ व्यक्ति तथा (घ) वैरी व्यक्तिहरूप्रति मैत्रीभावना गर्नु हुँदैन। कारण अप्रिय व्यक्तिहरूलाई मित्रतामा परिणत गर्न सजिलो छैन। प्रेमभावमा ल्याउन खोज्दा-खोज्दै मन दिक्क भई भावनामा नै चित्त बितृष्णा भएर जानसक्छ। अतिप्रिय व्यक्तिहरूलाई पनि मध्यस्थमा ल्याउन सहज छैन। उनीहरूलाई दुःख भए आफूलाई दुःख लाग्ने तथा उनीहरूको दुःखद् अश्रुधारा सँगसँगै आफूद्वारा पनि अश्रुधारा प्रवाहित हुन्छ। पुनः मध्यस्थहरूलाई पनि प्रिय सम्बन्धमा गाभिन गाह्रो हुन्छ। तब वैरीजनहरूको त कुरै छैन। शत्रुलाई त त्यसका कुराहरूको याद मात्र आएपनि क्रोध आउन थाल्छ। त्यस्तै असमान लिङ्गीप्रति र मृतक व्यक्तिहरूप्रति पनि प्रारम्भमा मैत्रीभावना गर्नुहुन्न। स्त्री-पुरुषको विपरित लिङ्गीको मैत्रीभावनाले कामरागको उद्‌भव हुनथाल्छ भने मृतकप्रतिको मैत्रीभावनाको अर्पणा प्राप्त हुन सक्तैन।

यसका अतिरिक्त, मैत्रीचित्त राख्ने व्यक्तिमा यी क्षमताहरू पनि हुनु आवश्यक मानिन्छः-

(१) आफ्नो चर्या सम्बन्धी परले जान्ला, सुन्ला, थाहा पाउला भन्ने त्रासबाट मुक्त हुनसक्नु, (२) आफैमा सहनशक्तिको क्षमता हुनु, (३) चित्त सदैव निर्मल एवं निर्दोष हुनु, (४) परजनको भनाईलाई पनि सुन्न सक्ने क्षमताको हुनु (५) आफ्नो इन्द्रिय स्वभाव शान्त बनाउनु, (६) स्वयं पनि शिक्षित भइरहनु, (७) आशक्त रहित चित्त बनाउनु। इत्यादि।

जुनै दिशामा हेर्दा पनि आफूभन्दा प्रिय कोही र कुनै नभएकोले तथापि आफू साक्षिरूपमा रहनको लागि पनि प्रथमतः आफैप्रति मैत्रीभावना राख्न जरुरी छ। तत्पश्चात्, क्रमिक रूपमा विभिन्न तहहरू विधिवत टेक्दै यस अनुरूप मैत्रीभावना कार्यन्वयन गर्नु राम्रो मानिन्छः

सर्वप्रथम आफैप्रति मैत्रीभावना राख्ने। त्यसपछि, सम्माननीय मातापिता एवं आचार्य-गुरूप्रति मैत्रीभावना गर्ने। तत्पश्चात्, मध्यस्थ (प्रेम र क्रोध दुबै नभएका) व्यक्तिहरूप्रति मैत्रीभावना गर्ने। त्यसपछि, मनपर्ने प्रिय व्यक्तिहरूप्रति मैत्रीभावना गर्ने। अन्तमाः मन नपर्ने अप्रिय व्यक्तिहरूप्रति मैत्रीभावना गर्ने।

परदोष स्मरण गरेर द्वेषी हुनुभन्दा दुईतिर धार भएको करौंतिले प्रहार गर्न आएतापनि सहन गरी उसप्रति मैत्रीभावना गरिरहनु पर्दछ। मैत्रीभावना गर्ने कर्ताले जसरी पनि आफ्नो चित्तलाई कोमल बनाउनेतिर उन्मुख भई सहनशील बन्न प्रयत्नरत हुनुपर्ने सत्यता पूर्ण भिक्षुको कथाक्रमद्वारा छर्लंगाएको छ।

एकदिन ! पूर्ण नामक भिक्षु भगवान् बुद्ध विराजमान रहेको स्थानमा पुगेर आफू सुनापरान्त गाउँमा वर्षावास बस्नजानको निम्ति निवेदन गऱ्यो।

तब भगवान् बुद्धले भन्नुभयो- "पूर्ण ! त्यहाँका मान्छेहरू अति नै दुष्ट स्वभावका छन्। उनीहरूले तिमीलाई नराम्रो वचनले गाली गर्न सक्छ अनि तिमी के गर्छौ त ?"

पूर्ण- "भन्ते ! भगवन ! मलाई सुनापरान्तवासीहरूले गाली गरे भने म यसरी बिचार गर्नेछु, ती सुनापरान्तका मान्छेहरू राम्रै छन् हातले त कुट्न आएका छैनन्।"

"पूर्ण ! यदि उनीहरूले तिमीलाई हातैले कुट्न आए भने तब तिमी के बिचार गर्छौ त ?"

"भन्ते ! भगवन् ! त्यसावस्थामा म बिचार गर्नेछु कि उनीहरूले मलाई लठ्ठीले नै कुट्न आएका छैनन्, तसर्थ राम्रै छन्।"

"पूर्ण ! यदि तिमीलाई लठ्ठीले नै कुट्न आए तिमी के गर्छौ त ?"

"भन्ते ! भगवन् ! उनीहरूले मलाई शस्त्रले त प्रहार गर्न आएका छैनन् तसर्थ राम्रै छन् भन्ने बिचार गर्नेछु।"

"पूर्ण ! यदि शस्त्र प्रहार गरेर प्राण नै हरण गर्न आए भने त्यसबेला तिमी के गर्छौ त ?"


Downloaded from http://www.dhamma.digital

"भन्ते ! भगवन् ! त्यसबेला म बिचार गर्नेछु कि भगवान् बुद्धका कतिका श्रावक संघहरू छन् जो आफ्नो जीवनदेखि घृणित भई जीवित भइरहनमा पनि वितृष्णा भएर शस्त्रहारकहरू खोज्दै हिँड्छन्, परन्तु आज मलाई कहीं पनि खोज्नै नपर्ने गरी उक्त शस्त्रहारकहरू सामुन्ने आउँदैछन् भन्ने बिचार गर्नेछु।" (जीवनप्रति घृणित भई आत्महत्या गर्न बुद्धले विनयद्वारा पूर्णत: निषेध गर्नुभएको छ।)

भगवान्ले "साधु ! साधु ! पूर्ण ! तिमीले राम्रो कुशल बिचार नै राख्यौ।" भन्दै प्रशंसा गर्नुभयो। यस अनुरूप जसरी पनि गुणमात्र दृष्टिगत गरी क्षमाधर्म आफूमा विद्यमान गराउनु नै महापुरुषहरूको पहिचान हो। महापुरुषहरूले आफूलाई अनर्थ गर्न आउनेहरूप्रति पनि मैत्रीभावना गरिनै रहन्छन्। मैत्रीचित्त प्रयोग गर्न एवंतरिकाले स्मरण गर्नुपर्छ :-

जसका शारीरिक कार्यहरू राम्रा हुन्छन् किन्तु बोलिवचन र मनोकर्म भने कतिपनि राम्रा छैनन् भने तिनीहरूको काय-कर्मका गुणहरू स्मरण गरी मैत्रीभावना राख्ने, अन्तमा उपेक्षा भावना गर्ने।

जसका बोलि-वचनहरू राम्रा छन् किन्तु काय-कर्म र मनो-कर्म भने नराम्रा छन् भने तिनीहरूको वची-कर्मका गुणहरू स्मरण गरी मैत्रीभावना गर्ने, अन्तमा उपेक्षाभाव राख्ने।

जसका मनोकर्महरू राम्रा छन् किन्तु कायकर्म र वचीकर्म भने नराम्रा छन् भने तिनीहरूको मनोकर्म नै मात्र स्मरण गरी मैत्रीभावना गर्ने, अन्तमा उपेक्षाभाव राख्ने।

जसका कायकर्म, वचीकर्म र मनोकर्म तीनै नराम्रा छन्, तिनीहरूलाई पनि रिस र रागरहित दया र करुणा राखी मैत्रीभावना गरिरहने।

द्वेषमुक्त मैत्रीभावना सम्पन्न गर्न प्रारम्भिक खुट्किलादेखि निरन्तर अग्रगामी हुनुपर्ने कुरा स्मरणीय छ। यद्यपि, त्यसैलाई संक्षिप्तमा यसरी स्मरण गर्न सकिन्छौं :-

द्वेषीको दुष्प्रवृत्तिले दुर्गतिमा पतन एवं मैत्रीचित्तले सुगतिमा उत्पन्न गराउने यथार्थता जानेर मैत्रीभावनामा जोड दिने।

यसरी नभएमा, क्रोधको दुष्परिणाम एवं परजनको द्वेषी बनाउने कुचक्र बारे स्वयंलाई उपदेश गरेर मैत्रीभावना गर्ने।

यसरी पनि नभएमा, कर्म नै आफ्नो, कर्म नै सम्पत्ति, कर्म नै आफ्नो गति, मित्रबन्धु एवं सच्चा शरण भएकोले द्वेषचित्तद्वारा निर्मित अकुशल कर्मले आफैलाई पतन गराउने कुरा प्रतिवेक्षण गरी मैत्रीभावनामा जोड दिने।

यसरी पनि नभएमा, आफूलाई अहित गर्न आउनेहरूप्रति पनि बुद्ध, बोधिसत्त्वहरू सहनशील भई मैत्रीचित्त राखिरहने कुरा जानेर मैत्रीभावनामा दृढ हुने।

यसरी पनि नभएमा, सम्पूर्ण प्राणीहरू अनादि संसारमा आफ्नै आमा-बुबा, दाजु-भाइ, दिदी-बहिनी, आफन्तहरू भइसकेका छन् भन्ने कुरा प्रतिवेक्षण गरी प्राणीहरूप्रति मैत्रीभावना दिगो राख्ने।

यसरी पनि नभएमा, क्रोध शरीरका कुन अंगप्रति अथवा पृथ्वी, जल, वायु र अग्नि धातुमध्ये कुन धातुप्रति उत्पन्न भएका हुन् इत्यादि सम्झी धातु विभाजन गरिकन मैत्रीभावना दृढ गर्ने।

मैत्री कुशल हुन पनि आफू, प्रिय, मध्यस्थ र अप्रिय बीच कुनै पनि असमानता अर्थात हित र अहितको कामनाबाट मुक्त भएको हुनुपर्छ। संसार सारालाई एउटै दृष्टिले, समानरूपले हेर्नु नै महान् मैत्री हो। यसरी मैत्रीभावना अभिबृद्धि गर्दै जाँदा पाँच अंगले पूर्ण त्रिविध कल्याण तथा १० लक्षणयुक्त मैत्री सहगत ध्यान प्राप्त हुन्छ। पुन: बढाउँदै लगेमा क्रमश: चतुर्थ नयनदेखि द्वितीय, तृतीय तथा पञ्चम नयनदेखि द्वितीय, तृतीय, चतुर्थ ध्यानसम्म प्राप्त हुने कुरा बौद्ध साहित्यमा उल्लेख छन्।

तल-माथि-बीच गरी सम्पूर्ण दिशाका सम्पूर्ण सत्त्वप्राणीहरूलाई मैत्रीयुक्त चित्तले बिहार गर्नु नै महान् सुख-समृद्धि एवं सुगति प्राप्तिका प्रमुख कारण हुन्। मैत्रीभावनाले वर्तमान मानव जीवन प्रशन्नतापूर्वक प्रतिष्ठामय बन्ने त छँदैछ, जीवनको वास्तविक आनन्द, सन्तुष्टी एवं सार्थकता पनि उपलब्धी बनाउँछ। तसर्थ पनि, पापका प्रमुख कारण द्वेषचरित्र निर्मूल हेतु प्राणीहरूले शान्तिका प्रतिद्योतक मैत्रीभावना अभिबृद्धि गर्नु अत्यन्त आवश्यक रहेको कुरा सदा-सर्वदा ज्ञात गर्नु अति आवश्यक देखिन्छ। तथागत भगवान् बुद्ध पनि मैत्रीको सम्बन्धमा बरोबर आज्ञा गर्नुहुन्छ -

**मेत्ता बिहारी यो भिक्खू, पसन्नो बुद्धसासने।**
**अधिगच्छे पदं सन्तं, संखारूपसमं सुखं ॥**

**अर्थ-** भिक्षुहरू ! जुन भिक्षुले बुद्धशासनमा प्रसन्न भई मैत्रीभावना राख्दछ, त्यो भिक्षुले सम्पूर्ण संस्कारलाई शान्त पारी सुख शान्ति प्राप्त गर्दछ। ■

**विवाह तथा अन्य कार्ड, टाइप फोन्ड्री, छपाई (Offset, Letter Press) को सम्पर्क राख्नुहोला।**

**स्वस्तिक टाइप फोन्ड्री**

*(महेन्द्ररत्न क्याम्पस अगाडि)*

**ताहाचल, काठमाडौं**

**फोन: २७२४३७**

On the Auspicious Occasion of
**2544th VAISAKH PURNIMA**
We Extend Our Hearty Felicitation
To all of you !

*Excellence in Financial Service*



- Corporate Finance Services
- Capital Market Services
- Lease Finance Services
- Trade Finance Services
- Deposit Services

NB Finance & Leasing Co. Ltd.
MBSL GROUP
**Nepal Sri Lanka Merchant Bank Ltd.**
*(Incorporated Under the Finance Company Act 2042)*
P.O. Box 12248, NB Building, Bagbazar, Kathmandu, Nepal
Ph: 227555, Fax: 240674, E-mail: nslmb@info.com.np

*All the Best Wishes*
*On the Auspicious Occasion of*
*Vaisakh Festival*
*2544*

**UNIVERSAL FINANCE & CAPITAL MARKETS LTD.**
Kamalachhi, Kantipath
P.O. Box: 12396, Kathmandu
Tel: 230234, 240998, 245860
Fax: 977-1-245895

best wishes to
Dharmakirti Buddhist Study Circle
&
all on the auspicious occasion of the
*2544th VAISAKH PURNIMA!*

**HISEF OFFERS LOAN FACILITIES:**

*for business & industrial purpose*





*for housing*

*for vehicle hire-purchase*



at **AFFORDABLE** interest rates, with **QUICK LOAN PROCESSING** and flexible repayment schedules

**HISEF**
PROMOTED BY KHETAN GROUP
P.O. Box 8857, Siddhi Bhawan
Kantipath, Kathmandu, Nepal
Tel: 224188, 240082
Fax: 250195

*Congratulations !*
***Dharmkirti Buddhist Study Circle***
&
***Happy Vaisakh Festival !***

MARK OF QUALITY
Subis
POULTRY PVT. LTLD.

***Head Office:***
Bharatpur-10, Chitwan, Nepal
Tel: 056-22059, 20118
***Sales Branch:***
Nayabazar, Kathmandu
Tel: 425423

Downloaded from http://www.dhamma.digital

# बौद्ध पर्यटन क्षेत्रको महत्व

मुनीन्द्ररत्न वज्राचार्य

नेपाल धार्मिक भावनाले ओतप्रोत रहेको देश भएकोले यहां परापूर्वकालदेखि नै धार्मिक पवित्र क्षेत्रहरूको केन्द्रस्थलको रुपमा रहेको छ । यहाँको जनजीवन धार्मिक मान्यता आस्था विश्वास मूल्य र भावनाहरूमा आफ्नै परम्परा अनुरुप छ । अझ यस देशमा धार्मिक सहिष्णुताको कारण हिन्दू र बौद्ध धर्मावलम्बीहरूले अवलोकन गर्ने ऐतिहासिक ठाउँ र पवित्र धार्मिक क्षेत्रहरू एकै आसपासमा रहेको छ । यी क्षेत्रहरूमा रहेका मन्दिर र चैत्यमा दुबै धर्मका देवदेवीहरूको मूर्तिहरू पाउन सक्छौं । यी धार्मिक क्षेत्र पर्यटकहरूको लागि एक आकर्षण केन्द्र बनेको छ । आजकाल विश्वमा विभिन्न धर्मावलम्बीहरू भएकोले कोही बौद्ध धार्मिक स्थलहरूको मात्र अवलोकन गर्ने उद्देश्यले भ्रमण गर्न आउन सक्छ । यसकारण यस लेखमा विशेष गरेर बौद्ध पर्यटन क्षेत्र बारे उल्लेख गर्न जमर्को गरेको छुं ।

नेपालमा बौद्ध धर्मको विकास काठमाडौं उपत्यका भएकोले बौद्ध रितिथिति संस्कृति कलाकृति यही प्रमुख रूपमा पाइन्छ । नेपालको इतिहासको प्रारम्भिक स्वरूप नै स्वयम्भू ज्योतिरूपको दर्शनबाट भएको छ । यहां पछि विभिन्न बुद्धहरूको आगमन भए पछि बुद्ध धर्मको यथेष्ट विकास हुन गयो । राजा महाराजाहरूबाट र बौद्ध धर्मप्रति श्रद्धा हुने भक्तजनहरूबाट बौद्ध विहारको निर्माण भयो । बौद्ध विहारको संस्थापनाले यहां चैत्य, मन्दिरहरू पनि स्थापना हुँदैगयो । कतिपय विहारहरू विभिन्न कारणहरूले भुंइचालो, जीर्णसीर्ण भई लोप पनि हुन गएको छ । तर हाल विहारहरू पाटनमा १६७, काठमाडौंमा १२० र भक्तपुरमा २४ रहेको छ । विहारहरूमा पाटनका विहारहरूमा हिरण्यवर्ण, रुद्रवर्ण, सुवर्णवर्ण महत्वपूर्ण महाविहारहरू हुन् । काठमाडौंमा पनि मूलरूपमा १८ विहारहरूमा पर्यटकहरूको लागि आकर्षक विहारहरूमा मच्छेन्द्रबहाल, छुस्याबहाल, मुस्याबहाल, इटुंबहाल, झ्वाबाहाल आदि आउँछन् । भक्तपुरमा पनि हेर्न लायकका विहारहरू धेरै छन् । काठमाडौं उपत्यकामा बौद्ध मतको ठूलो केन्द्र भएकोले यहाँ अरू पनि धेरै ऐतिहासिक ठाउँहरू छन् जस्तो ठमेलको विक्रमशील विहार, वज्रवाराही, फर्पिङ्गको वज्रयोगिनी, नालाको करूणामय, बुढानीलकण्ठ हेर्न लायकको ठाउँ हो ।

बुद्धको जन्म नै नेपालको लुम्बिनी वनमा भएको थियो । यसकारण विश्वमा लुम्बिनीको ऐतिहासिक महत्व छ । बौद्ध धार्मिक केन्द्रको रुपमा लुम्बिनीलाई लिन सकिन्छ । यसैलाई दृष्टिगत गर्दै लुम्बिनीको विकास गर्नमा विश्वको ध्यानाकर्षर्ण हुन गयो । लुम्बिनीलाई एउटा महान तीर्थस्थल र पर्यटन क्षेत्र बनाउन सकिन्छ भनि सन् १९६७ मा नेपाल भ्रमणमा आउँदा संयुक्त राष्ट्रसंघका भू.पु. महासचिव ऊ थान्तबाट श्री ५ को सरकारलाई आव्हान गरेको थियो । राष्ट्रसंघीय आयोगको सहयोगमा यसको विकासका लागि पूर्वाधारहरू तयार पार्न विश्व प्रसिद्ध जापानका वास्तुविद्ध प्रो. केन्जो टांगेले एउटा गुरुयोजना सन् १९७८ मा तयार पारियो । उनको डिजाइन अनुसार लुम्बिनी क्षेत्रलाई बौद्ध धर्मको आर्दश अनुरूप र बुद्ध जन्मंदाको ऐतिहासिक तथा प्राकृतिक पृष्ठभूमि आउने गरी वृहद रूपमा विकास गर्ने लक्ष्य लिइयो । यसको लागि कैयौं अन्तर्राष्ट्रिय मुलुकबाट आर्थिक अनुदान प्राप्त भयो । तर यसको पूर्वाधारहरू तयार गरीए तापनि हाल तीसौं वर्ष वितिसक्दा पनि विदेशबाट र धर्मकीर्तिबाट निर्माण गरिएको विहार बाहेक अरू कुनै विकास गर्न सकेको छैन । यहाँ विदेशी पर्यटकहरूको लागि चाहिने आधारभूत कुराहरूको व्यवस्था गर्न सकिएको छैन । बौद्ध पर्यटनहरूको लागि मूल थलो भइरहेको यो लुम्बिनी आजसम्म पनि यस्तो स्थिति हुनु बौद्धहरूको लागि चिन्ताको विषय भएको छ । यस ठाउंमा विश्वका कैयौं ठूला व्यक्तिहरू संयुक्त राष्ट्रसंघका महासचिवहरू जस्तो स्व. डाय्ग हामर शोल्ड, स्व. कुर्तवाल्डहाएम र हाभियार डि कोयारबाट भ्रमण भई सक्यो । नेपाल आउने लाखौं पर्यटकहरू लुम्बिनी हेर्न आउँछन् । तर अचेल मात्र नवौं योजना लुम्बिनीमा दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल बनाउने निर्णयले लुम्बिनीको भाग्य चम्कने कुरामा धेरै आशातित भएको छ ।

ऐतिहासिक हिसावले महत्त्वपूर्ण रहेको लुम्बिनीको अलावा कपिलवस्तु (तौलिहवा) पनि एक पुरातात्विक

हिसावले महत्वपूर्ण रहेको छ । यहां क्रकुच्छन्द, कनकमुनि र सिद्धार्थ गौतम बुद्ध आएका थिए। यहाँका पवित्र स्थानहरू गोटीहवा, निग्लीहवा पुरातात्विक स्थान हुन्। यहाँ कपिलवस्तुमा प्रसिद्ध विहार न्यग्रोधाराम हो, जहां सिद्धार्थ गौतम बुद्धले आफ्नो जीवनमा सैयौं शाक्यवंशीहरूलाई दीक्षित गरेका थिए । यसैको सम्झनामा ईशापूर्व तेश्रो शताब्दीमा मौर्य सम्राट अशोकले प्रमुख स्तम्भहरू उठाएका थिए । यस्तै नवलपरासी जिल्लामा रामग्राम स्तूप ख्याति प्राप्त छ। देवदह क्षेत्र स्थित पद्मपाणी अवलोकितेश्वरका प्राचीन मूर्ति पनि छ। यी स्थानहरू पनि पर्यटकहरूको लागि हेर्नको लागि महत्वपूर्ण छ।

नेपालमा बौद्ध धार्मिक स्थानहरू धेरै छन्। यी स्थानहरूमा नेपालको ऐतिहासिक विहार सुर्खेतको क्राँक्रे विहारलाई लिन सकिन्छ। वि.सं. १३०० को समय यो विहार अशोक चल्लले बनाएको अनुमान गरिएको छ। गत ठाउंमा पनि पर्यटकहरू अवलोकन गर्न सक्ने व्यवस्था गरेमा पर्यटन उद्योगको विकास हुन सक्छ। हाल क्राँक्रे विहार भग्नावशेष अवस्थामा छ यसको जीर्णोद्धार हुनु जरूरी छ।

नेपालको हिमाली भेगमा प्रशस्त बौद्ध गुम्बाहरू छन् । जस्तो नाम्चे, सोलुखुम्बु, हेलम्बु, जोमसोम, मनांग र अन्य ठाउँहरू 'घ्यांग' भनि बौद्ध गुम्बाहरू निर्माण गरीएका छन्। यहाँ पुराना पुराना बौद्ध ग्रन्थहरू संरक्षित भएका छन्। यस्ता ठाउंमा पनि पर्यटकहरूलाई जाने सुव्यवस्थित गरी दिएमा पर्यटन उद्योग उकास्न धेरै मद्दत मिल्ने छ।

नेपालमा पर्यटन उद्योग नै एक मात्र प्रमुख रूपमा विदेशी मुद्रा आर्जन गर्ने भएकोले नेपाल स्थित विभिन्न क्षेत्रमा रहेको बौद्ध धार्मिक स्थलमा पर्यटन उद्योगको विकासको लागि आवश्यक वातावरण तयार गरी दिनु जरूरी छ। यी क्षेत्रहरू बौद्धहरूको हो भनि बेवास्ता गर्न ठिक छैन। किनभने पर्यटकहरू विभिन्न उद्देश्यले भ्रमण गर्दै आउने गरेको हुन्छ। कोही यहाँको वस्तु स्थितिको मात्र अध्ययनका लागि आएका हुन्छन्। वास्तवमा नेपालको सांस्कृतिक महत्ता बौद्ध धर्मको विकासले पनि धेरै सहयोग गरेको छ । जस्तो काठमाडौंका विविध संस्कृति हेर्ने हो भने बौद्ध धर्ममा आधारित छन् । किनभने यहाँका अधिकांश नेवारहरू बौद्ध धर्मावलम्बी छन्। धेरैजसो मन्दिर विहार, बहीहरू, चैत्य बौद्ध धर्ममा आधारित छन्। यसकारण श्री ५ को सरकारले यस्ता बौद्ध धार्मिक स्थानहरूको समयमै जीर्णोद्धार गरी विकास गर्नु पर्दछ । यसैबाट पर्यटन उद्योग फलिफाप हुनेछ। ■

May all sentient being attain the highest state of Completeness being on the foot steps of BUDDHA
HAPPY VAISAKH FESTIVAL 2544

DAS PRINTERS
Dhobichour, Chhetrapati, Kathmandu, Nepal
P.O. Box: 2379, Tel: 251007, 251578
Fax: 977-1-223315 Attn: SAMAA

LETTER PRESS, OFF-SET, SCREEN PRINTING, COMPUTER DESIGN
LAMINATION AND GRAPHIC DESIGN CONSULTANCY



शान्ति नायक गौतम बुद्धको
जन्म, सम्बोधी तथा महापरिनिर्वाण
सँगालेको
२५४४ औं वैशाख उत्सवमा सबैको
मंगल कामना गर्दछौं ।

- जुजु रेडीमेड गार्मेण्ट
  न्यूरोड
  फोन: २२३००४
- जुजु कलेक्सन
  खिचापोखरी
  फोन: २२१६६५
- xyz फेन्सी रेडीमेड पसल
  खिचापोखरी
  फोन: २२४६६४


Downloaded from http://www.dhamma.digital

All the Best Wishes
On the Auspicious Occasion of
VAISAKH PURNIMA 2544

**Alpic Everest Finance Limited**

(PROMOTED BY RASTRIYA BANIJYA BANK & ALPIC FINANCE LTD.
Regd. Off.: P.O. Box No. 12034
Aradhan Complex, Bagbazaar, Kathmandu, Nepal.
Tel: 241605, 228470, Fax: 241605, E-mail: alpic@.col.com.np
Branch Office: P.O. Box 317, Ground Floor, Hotel Anand, Prithivi Chowk
Pokhara. Tel: 30960, 21960, Fax: 23423
E-mail: alpicpkr@everest.cnet.wlink.com.np



*On the Auspicious Occasion*
*of 2544th Vaisakh Purnima*
*We Extend Our Hearty Felicitation*
*To all of you!*

**Lumbini Finance & Leasing Co. Ltd.**
Tridevi Marg, Thamel
P.O. Box 11503, Kathmandu
Tel: 423443, 423445, Fax: 977-1-425655

Hearty Congratulations
For Succesful Publication of
"DHARMAKIRTI" 2544th
Vaisakh Full Moon Issue
and Best Wishes For A Happy
SWANYA PUNHEE Celebration Followed by
A Prosperous & Peaceful
Buddhist New Year 2544



**Exclusive Nepal Tibet Carpet Pvt. Ltd.**

Boudha, Kathmandu, Nepal
Phone: 470432
e-m@il: entc@col.com.np

*Best Wishes to all our Customers & Well wishers on*
*Happy Vesak Full Moon Day.*
*New 2544 B.E.*

Financing
for
success...gfil




गुडविल फाइनान्स एण्ड इन्भेष्टमेन्ट कं. (नेपाल) लि.
डिल्लीबजार, काठमाडौं ।
फोन नं. ४२२२९०, ४२२८७८, फ्याक्सः ४१६०५२
e-mail: goodwill@finance.wlink.com.np

Downloaded from http://www.dhamma.digital

# युवावर्गका लागि अत्यावश्यक नैतिक शिक्षा

- रविन्द्र शाक्य
ह:खा । बौद्ध युवा कमिटि, यल

मानव जीवनको सबभन्दा अमूल्य र उत्तेजनात्मक क्षण युवा अवस्था हो । यस अवस्थामा प्रचुर मात्रामा बल, क्षमता र शक्ति रहेको हुन्छ । त्यसैले युवा वर्गहरू देश र समाजका बलिया खम्बा तथा मेरुदण्ड हुन् । उनीहरूले चाहेमा देश र समाजमा जेपनि गर्न सक्छन् । यस्तो अवस्थामा युवा वर्गले देश र समाजको हित, सुख र कल्याण चिताई सामाजिक सेवा सम्बन्धि कार्यहरू गरी आफ्नो ब्यक्तित्त्व विकास तर्फ अगाडि बढनु पर्छ । यही नै प्रत्येक युवा वर्गहरूको कर्त्तव्य हुन आउँदछ ।

यही युवा वर्गहरू कुलतमा परेर चोरी, डकैटी, बलात्कार, नशालु लागु पदार्थ सेवन गर्ने, जुवा, तास खेलेर धन सम्पत्ति नाश गर्ने, एक आपसमा झै झगडा गरेर हिंड्ने गरेमा देश र समाजको अवस्था गिर्दैजाने सम्भावना हुन्छ । त्यसैले देश र समाजको भविष्य सुधार्ने उत्तर-दायित्त्व बोकेका युवा वर्गलाई सामाजिक, राजनैतिक, आर्थिक तथा प्राविधिक आदि विभिन्न शिक्षाको साथसाथै अर्को मुख्य शिक्षा नैतिक तथा धार्मिक शिक्षाको पनि आवश्यकता रहेको हुन्छ । जसरी जीवित प्राणीको शरीरमा मुटुको आवश्यकता रहेको हुन्छ, त्यसरी नै एक इमान्दार, योग्य, कर्मथ, शान्तिप्रिय र सच्चा नागरिक बन्नको लागि नैतिक शिक्षाको आवश्यक रहेको हुन्छ ।

नैतिक शिक्षाले दिनसक्ने योगदानहरू यसरी छन्-

१. मानसिक तथा आध्यात्मिक सुखको अनुभव गराउँछ ।
२. मानवीय गुणको महशूस गराउँछ ।
३. देश र समाजमा शान्ति सुरक्षा कायम गराउँछ ।
४. एक आपसमा सद्भावना र सद्गुणको सृजना गराउँछ ।
५. शान्ति र सुखमय जीवन जीउने प्रेरणा दिन्छ ।
६. मानवीय कर्त्तव्यको अवबोध गराउँछ ।
७. आचरण शुद्ध बनाउँछ ।
८. एक आपसमा दया, माया र सेवा भावनाको सृजना गराउँछ ।
९. सहनशीलता बढाउँछ ।

तर आजभोलीको समाजमा नैतिक शिक्षाको अभावले गर्दा समाजका धेरैजसो सम्पन्न युवा वर्गहरूले डिस्को, रेष्टुरेण्ट, सिनेमा र क्यासिनो जस्ता कुप्रवृत्तिहरूमा लागी कैयौं सम्पत्ति र अमूल्य समय बर्बाद पारी आफ्नो भविष्य अन्धकारमा डुबाइरहेका छन् । यिनीहरूले अज्ञानतावस आफ्नो स्वार्थका लागि आफ्ना परिवार, समाज र देशप्रति आफूले गर्नुपर्ने कर्त्तब्य र उत्तरदायित्त्वहरू भुलेका छन् । यस्ता कुप्रवृत्तिहरूले अहिले मात्र होइन, भविष्यका युवापिंढीहरूलाई पनि कुप्रभाव पार्न नदिन स्कूल शिक्षा देखि नै नैतिक र धार्मिक शिक्षाको पाठचक्रम राखी नैतिकता र आचरण शुद्धिको जग बसाल्न आवश्यक भइसकेको कुरा धेरैजसो बुद्धिजीविहरूले महशूस गर्दै आएका छन् । यस्तो क्षेत्रमा ध्यान पुऱ्याउन नसकेको हुँदा भविष्यका कर्णधार मानिएका बिद्यार्थिहरूले स्कूलको नियम, अनुशासन आमा बुबा र गुरुहरूप्रति आफूले गर्नु पर्ने कर्त्तव्यलाई भुली लापरवाही असभ्य ब्यवहार गर्न पछि परेका छैनन् । त्यसैले समयमै यस्तो समस्या समाधान गर्ने उपाय अपनाउनु राम्रो हुने देखिन्छ । ■



२५४४ औं
बुद्ध पूर्णिमाको उपलक्ष्यमा
समस्त देशवासीहरुमा
सुस्वास्थ्यको कामना गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक
परिवार

हिमालयको देश नेपाललाई
'विश्व शान्तिको मुहान' को गौरब प्रदान गर्ने
एसियाका ज्योति महामानव गौतम बुद्धको
त्रि-संयोगको सम्झना

**२५४४ वैशाख उत्सव**

सबैमा सम्बृद्धि र प्रगतिको संचार गरुन् !

**नेशनल फाइनान्स कं. लि.**
**NATIONAL FINANCE CO. LTD.**
पाको, न्यूरोड
पो.ब. नं. ६८४२, काठमाडौं, नेपाल ।
फोन: २४२३०२, २४०१३४, २२८३८० फ्याक्स: २२२९२०
Pako, New Road
PO Box: 6842, Kathmandu, Nepal
Tel: 242302, 240134, 228380, Fax: 222920
e-m@il: nfc@nfcl.wlink.com.np



**Our Hearty Felicitation**
**to**
**Dharmakirti Buddhist Study Circle**
**& All**
**On the Auspicious Occasion of**
**2544th Vaisakh Festival**

**TINA TRADE CENTER**
Ja-2-544, Naya Bazar
KATHMANDU, NEPAL
Tel: 352344

*On the Occasion of Buddha Jayanti 2544*

*With Best Compliments from*

**HOTEL CLARION**
Man Bhawan, Jawalakhel
P.O. Box: 676, Kathmandu, Nepal
Tel : 524512, 521476, Fax : 977-1-521468, 224464
e-mail: clarion@wlink.com.np





Downloaded from http://www.dhamma.digital

# The following speech was delivered by Ven'ble Ashwaghosha Mahathera on the 6th Sakyadhita Conference held in the Lumbini. (February 1 to 7. 2000)

Honorable Chairperson,

Chief Guest of the ceremony, Honorable Minister for youth, sports and culture.

Distinguished participants from different countries, and all the respected guests of this auspicious ceremony.

It is a great honor for us that today, the 6th Shakyadhita International Buddhist Women's Conference is being held in the Lumbini, the auspicious birth place of Lord Buddha. It is also a great pleasure for us, but we feel embarrassed that we would not be able to offer as much facilites as as international conference demands. However, we would try our best to make your stay meaningful and memorable.

Anyway, the theme of today's conference seemed to be very important as well as timely that we are gathering here to acknowledge the role of women in Buddhism. From the time inmemorable, women were deprived of equal rights. Still in this twenty-first century, women are still in the subordinate role. I believe Shakyadhita is created in order to address the issue and promote the equal status of men and women in the society.

History illustrates us that Lord Buddha has already provided equal rights to men and women, which is more than 2500 years ago from today. He taught us the lesson on gender equality and humanity by creating his Council with equal importance to Bhikkhus, Bhikkhunis, Upasakas and Upasikas.

Unfortunately, due to very rigid and strict code of conduct for Bhikkhunis, the Bhikkhuni Saasan (Bhikkhuni Community) Started to vanish from Theravada during 12th centrury. However, it has not vanished entirely form the history of Buddhism.

चित्तानानुपस्सना - आफ्नो शरिरमा उत्पन्न र विनाश भैरहेको वेदनाहरूको अनुभव गरिरहनुलाई वेदनानुपस्सना भनिन्छ।

भिक्षानुपस्सना - आफ्नो चित्तको परिवर्तन स्वभावलाई अनुभव गर्नुलाई चित्तानुपस्सना भनिन्छ।

धम्मानुपस्सना - आफ्नो मनमा उत्पन्न र विनाश हुने पाँच नीवरण - पाँच उपादान, ६ आयतन, सात बोध्यङ्ग, ८ चतुआर्य सत्यलाई अनुभव गर्नुलाई धम्मानुपस्सना भनिन्छ।

यी ध्यानका कुराहरूलाई पहिला हामीले सैद्धान्तिक रुपमा राम्रोसंग बुझेर ध्यानको अभ्यास गरेर व्यवहारमा उतार्न सक्नु पर्दछ। त्रिवेद शासन परियत्ति, पतिपत्ती र प्रतिवेदलाई संग संगै लग्न सक्नु पर्दछ। बुद्धको शिक्षालाई सैद्धान्तिक रुपमा मात्र जानेर व्यवहारमा उतारेर अनुभव गर्न सकेन भने त्यसको कुनै महत्व हुँदैन।

### "छलफल"

२०५६ साल चैत्र २६ गते। रिपोर्टर- श्यामलाल चित्रकार।

यसदिन भिक्षुणी धम्मवतीले प्रवचन दिनु भएको थियो। प्रवचनको विषय नतोकिएकोले श्रोताहरूले गर्नु भएको प्रश्नहरूको उत्तरको शिलशिलामा बुद्ध धर्म सम्बन्धी व्याख्या गर्नुभयो। सो दिनको प्रवचनको संक्षिप्त विवरण यस प्रकार छ।

धर्मकीर्ति अध्ययन गोष्ठीले संचालन गर्दै आएको हरेक शनिश्चरबार बिहान कक्षा शुरु हुनु अगाडि त्रिरत्न वन्दना गर्ने चलन छ। सर्वप्रथम "नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स" तिन पटक भनिन्छ। उपरोक्त वाक्य पढेर भगवान बुद्धलाई नमस्कार गर्ने चलन भगवान बुद्धले बोधिज्ञान लाभ गरी ४९ दिन पछि तपुस्स र भल्लुक भन्ने व्यापारीहरूले दान दिन ल्याएको सत्तु भोजन थाप्न कुनै भाँडो नभएकोले भगवान बुद्धले पात्रको आवश्यकता महशुस गर्नुभएको कुरा चतुर-महाराजिका देवताहरूले थाहा पाई ती चार जना देवताहरूले क्रमश: "नमो", "तस्स भगवतो", "अरहतो", "सम्मासम्बुद्धस्स" भनी चारवटा पात्रहरू अर्पण गर्नु भएको बेलादेखि आएको हो। "तस्स भगवतो" दुइवटा शब्दहरू भएपनि एउटै शब्द सरह उच्चारण गर्नु पर्ने कुरा पनि वहाँले सल्लाह दिनु भयो।

बुद्ध पूजा गर्ने बेला गरिने पाठ मध्ये धर्म वन्दनामा एउटा पंक्ति यसप्रकार छ :-

**उत्तमङ्गेन वन्देहं धम्मञ्च दुविधंवरं**
**धम्मेयो खलितो दोसो धम्मो खमतु तं ममं॥**

एक जना श्रोताले "धम्मञ्च दुविधंवरं" को अर्थ सोध्नु भएको जवाफ धम्मवती गुरुमांले भगवान बुद्धले देशना गर्नुभएको धर्ममा दुवै लौकिक र लोकोत्तर सुख शान्ति प्राप्त गर्न सकिने गुण भएको भनि उक्त वाक्यको स्पष्ट अर्थ बताउनु भयो। अर्को एक श्रोताले महायानी भिक्षुहरूले शील पालन गर्ने गरेको नदेखिएकोले त्यसको कारण केहि छ कि भन्ने सोधिएको प्रश्नको जवाफमा गुरुमांले भन्नुभयो "शील पालन नगर्ने भिक्षुहरू थेरवादमा पनि नभएको होइन र शील पालन गर्ने


Downloaded from http://www.dhamma.digital

महायानी भिक्षुहरू पनि छन् । शील पालन गर्ने र सदाचार गर्ने काम भिक्षु र भिक्षुणीहरूको मात्र होइन गृहस्थीहरूको पनि हो"

यस्तै प्रश्नहरूको उत्तर दिने क्रममा गुरुमांले भन्नुभयो कि मानिसको जुनसुकै कार्यको प्रतिफल त्यो कार्य गर्दा उक्त ब्यक्तिको चेतनामा आधारित हुन्छ । कसैलाई दुःख दिने नियतले कसैले कसैलाई पिट्यो अथवा मार्‍यो भने त्यसको प्रतिफल अवश्य राम्रो हुन्दैन । तर आमाले स्नेहले भरीपूर्ण भई बानी सपार्ने उद्देश्यले आफ्नो छोरालाई पिट्यो भन्दैमा नराम्रो गर्‍यो भन्न सकिन्दैन ।

प्रवचनको अन्त्यतिर गुरुमांले भन्नुभयो कि आफूले गरेको पुण्यको फल आफूलाई अलावा पितृहरूलाई पनि जान सक्छ । ५५५ जातक कथाहरूमध्ये १५ वटा जति यस सम्बन्धित छन् । मरिसकेका ५ वटा पुस्ताहरू ऋषिको मेषमा आई पथभ्रष्ट भई दान शील आदी सत्कार्य नगर्ने छैठौं पुस्तालाई सुमार्गमा ल्याएको एउटा जातक कथाको उदाहरण प्रस्तुत गर्नु हुँदै अन्त्यमा अध्ययन गोष्ठिको उद्देश्य अनुरुप कार्य गर्न सल्लाह दिनुभयो ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कार्यकारिणी समितिको पुनर्गठन

२०५६ चैत्र २६ गते । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कार्यकारिणी समितिको पुनर्गठन भए अनुसार नयाँ कार्यकारिणी समितिका पदाधिकारीहरू यसरी रहेको छ ।

| | | |
|---|---|---|
| धमार्नुशासक | - | भिक्षु अश्वघोष महास्थविर |
| अध्यक्ष | - | भिक्षुणी धम्मवती |
| उपाध्यक्ष | - | भिक्षुणी वीर्यवती |
| सचिव | - | इन्द्रकुमार नकर्मी |
| सह-सचिव | - | ध्रुवरत्न स्थापित |
| कोषाध्यक्ष | - | मीन शोभा शाक्य |
| सह-कोषाध्यक्ष | - | तारा डंगोल |

सदस्यहरू:- अगम्य रत्न कंसाकार, अरुण सिद्धि तुलाधर, विकाश रत्न तुलाधर, रीना तुलाधर, श्यामलाल चित्रकार ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक प्रतिवेदन (बि.सं. २०५६)

प्रस्तुतकर्ता- अरूण सिद्धि तुलाधर, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका तत्कालिन सचीव ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको मुख्य उद्देश्य अनुरुप संचालित शनिवारिय कक्षा यस वर्ष पनि नियमित रुपमा नै संचालन भएको छ । प्रत्येक शनिवार विहान ८:३० मा संचालन हुने यस नियमित कक्षाको यस वर्षका वक्ताहरू यसरी हुनुहुन्थ्यो ।

| | *वक्ताहरूको नाम* | | *कक्षा संख्या* |
|---|---|---|---|
| १. | भिक्षु अश्वघोष महास्थविर | - | ८ |
| २. | मदन रत्न मानन्धर | - | ६ |
| ३. | शोभियत रत्न तुलाधर | - | ६ |
| ४. | बरदेश मानन्धर | - | ३ |
| ५. | गुरुमां धम्मवती | - | २ |
| ६. | गुरुमां कुशुम | - | २ |
| ७. | गुरुमां वीर्यवती | - | २ |
| ८. | भिक्षु ज्ञानपूर्णिक | - | १ |
| ९. | भूवन लाल प्रधान | - | १ |
| १०. | जनक नेवा: | - | १ |
| ११. | भिक्षु सुदर्शन महास्थविर | - | १ |
| १२. | श्यामलाल चित्रकार | - | १ |
| १३. | डा. बज्रराज शाक्य | - | १ |
| १४. | भिक्षु शोभन | - | १ |
| १५. | लोक बहादुर शाक्य | - | १ |
| १६. | नानीमैंया मानन्धर | - | १ |
| १७. | गुरुमां मागुणवती | - | १ |
| १८. | अमीता धाख्वा: | - | १ |
| १९. | भिक्षु बोधिज्ञान | - | १ |
| २०. | गुरुमां इन्दावती | - | १ |
| २१. | गुरुमां अनोजा | - | १ |
| २२. | आशाराम शाक्य | - | १ |

यसरी वि.सं. २०५६ सालका ४४ वटा शनिवारको दिन विभिन्न बौद्ध विद्वानहरूले कक्षा लिनु भएका थिए भने अन्य बाकिरहेका शनीवारका दिनमा तल उल्लेख गरिए अनुसार विभिन्न कार्यक्रमहरू संचालन भएका थिए ।

- २०५६ बैशाख ११ गते रक्तदान कार्यक्रम । यस कार्यक्रममा २८ जवान रक्तदाताहरूले रक्तदान गरेका थिए ।
- २०५६ बैशाख २८ गते देखि श्री प्रतिक्षाले अंग्रेजी भाषाको कक्षा संचालन गर्नु भएको ।
- २०५६ असार १९ गते ध्यानकुटी विहार बनेपामा प्रव्रज्या दिवस सम्पन्न ।
- २०५६ श्रावण १ गते बुद्ध पूजाका ३ समूह विच हाजिरी जवाफ प्रतियोगिता सम्पन्न ।
- २०५६ श्रावण ८ गते धम्मवती गुरुमांको जन्मोत्सवको उपलक्षमा भिक्षुसंघको तर्फबाट पट्ठान पाठ ।
- २०५६ श्रावण १२ गते गुरु पूजाको उपलक्षमा पूज्य भिक्षु अश्वघोष महास्थविर र धर्मकीर्ति विहारका गुरुमांहरूलाई दान प्रदान गरियो ।
- २०५६ कार्तिक ६ गते । धम्मवती गुरुमां प्रव्रजित हुनुभएको ५० औं वर्ष पूरा भएको उपलक्षमा अभिनन्दन समारोह सम्पन्न ।
- २०५६ मंसिर ११ गते डच मदत नेपाल र धर्मकीर्ति विहारको संयुक्त आयोजनामा आँखा र दाँतको नि:शुल्क स्वास्थ्य शिविर संचालन ।
- २०५६ पौष ३ गते धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरूको मणिचूड र मणिलिङ्ग भ्रमण ।
- २०५६ पौष २४ गते अध्ययन गोष्ठीका ४ वटा समूहवीच हाजिरी जवाफ प्रतियोगिता सम्पन्न ।
- २०५६ चैत्र १२ गते गौतमी विहार लुम्बिनीमा प्रतिष्ठापनार्थ निर्मित भगवान् बुद्ध, भिक्षु सारिपुत्र र भिक्षु महामौद्गल्यायनको मूर्ति शोभा यात्रामा सहभागी भई सहयोग गरिएको ।

### "स्वास्थ्य-कोष"

भिक्षु अश्वघोषलाई म्यान्मार सरकारबाट "अग्ग महासद्धम्म जोतिक धज" उपाधि प्रदान गरेको खुशियालिमा गत बैशाख ३ गते शनिवार, धर्मकीर्ति विहारमा, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा एक 'अभिवादन कार्यक्रम' भयो । उक्त कार्यक्रममा उहाँलाई अभिनन्दन पत्रहरूका साथै एउटा निजी 'स्वास्थ्य-कोष' चढाइयो । उक्त स्वास्थ्य कोषको लागि श्रद्धालुहरूबाट चन्दा उठाइएको हो । चन्दा दिने श्रद्धालुहरूको नामावली यसरी छ-

| नाम | रकम |
|---|---|
| १. 'भिक्षुणी अनुयायी संघ' | रु. १५००/- |
| २. भाइराजा तुलाधर, बसुन्धरा तुलाधर | रु. १०,०००/- |
| ३. सानुरत्न स्थापित, लक्ष्मी शोभा स्थापित | रु. २०००/- |
| ४. अशोक चित्रकार | रु. २००/- |

५. प्रत्येकले रु. ५००/- दिने गोष्ठीका पुराना महिला सदस्यको 'भोजन पुच:को' नामावली डा. सुमन कमल तुलाधर, प्रफुल्ल कमल ताम्राकार, समा तुलाधर, रमा कंसाकार, मीना तुलाधर, कान्ती तुलाधर, श्रृजना तुलाधर, रचना कंसाकार, चित्त केशरी ताम्राकारका साथ स्वयम्भूमान, सूर्यलक्ष्मी तुलाधर, अमर लक्ष्मी तुलाधर, बिमला हीरा ताम्राकार, रेणु स्थापित, मीना तुलाधर, रजनी तुलाधर, सुनीला स्थापित, युग तुलाधर ।

६. "प्रत्येकले रु. ५००/- दिने अध्ययन गोष्ठीका पुराना महिला सदस्याहरूको अर्को 'भोजन पुच:' को नामावली - श्रद्धा कमल ताम्राकार, लोचन तारा तुलाधर, रीना तुलाधर, सुमिता कंसाकार, मोहिनी तुलाधर, रसुवन्ति तुलाधर, त्रिलोचना तुलाधर, मधुवन्ति तुलाधर, सबिना तुलाधर, जुनू तुलाधर, दीना कंसाकार, उषनिष तुलाधर, अमिता तुलाधर, उत्पलवर्ण बनिया, मीरु तुलाधर, सोनी बनिया, रीनु बनिया ।

७. प्रत्येकले रु. ५००/- दिने अध्ययन गोष्ठीका पुरुष सदस्यहरूको नामावली - ज्ञानी रत्न तुलाधर, अगम्य रत्न कंसाकार, मदन रत्न मानन्धर, रोशन काजी तुलाधर, इन्द्र कुमार नकर्मी , बरदेश मानन्धर, प्रेम कुमार शाक्य, प्रेम काजी बनिया, चन्द्रेश तुलाधर, विकाश तुलाधर, श्रीमान/श्रीमती अरुण सिद्धि तुलाधर ।

| | |
|---|---|
| ८. श्री श्यामलाल, सावित्री चित्रकार | रु. १०००/- |
| ९. अमृत शोभा शाक्य | रु. ५००/- |
| १०. मीन शोभा शाक्य | रु. ५००/- |
| ११. कल्पना तुलाधर | रु. ५००/- |
| १२. कल्पना तुलाधर, गौरीधारा | रु. ५०५/– |
| १३. विष्णुदेवी मानन्धर | रु. ५,०५/– |
| १४. पूर्णदेवी बनिया, इतुम्बाहा | रु. ५,००/– |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| १५. स्वयम्भूरत्न तुलाधर | रु. | २००/- |
| १६. राम महर्जन | रु. | २००/- |
| १७. चन्द्रमाया शाक्य | रु. | २००/- |
| १८. प्रेमशोभा कंसाकार | रु. | १००/- |
| १९. रूपशोभा तुलाधर | रु. | १००/- |
| २०. धनभाजु | रु. | २००/- |
| २१. सत्यनारायण मानन्धर | रु. | १,०००/- |
| २२. नीता केशरी श्रेष्ठ | रु. | ५०/- |
| २३. रामेश्वरी महर्जन | रु. | १००/- |

**"धर्मकीर्ति" पत्रिकालाई सहयोग**

धर्मकीर्ति पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै ललितपुर निवासी एकजना उपासकले रु. १०००/- आर्थिक सहयोग प्रदान गर्नु भएको छ । धर्मकीर्तिको तर्फबाट उहाँलाई हार्दिक साधुवाद तथा सुस्वास्थ्य कामना गर्दछ ।

*On the Auspicious Occasion*
*of*
*2544th Vaisakh Purnima*
*We Extend Our Hearty*
*Felicitation*
*To all of you.*

Snowdrop Internatinal

***International Market Since 1984***

Mail Address: Chha-3-718, Naya Bazaar, G.P.O. Box: 3446, Kathmandu, Nepal
Tel: (+977) (1) 414391, Fax: (977) (1) 425685
e-mail: snwdrp@mos.com.np

- ***Specialized in Manufactures and Exporters of Lokta Handmade Nepalese papers, Copper & Brass Statues & Handicraft Goods.***
- ***Stockiest of Wood carving Items, Wooden Mask, Nepalese & Tibetan Incense, Singing Bowls, Bone & Horn Buttons, Silver & White Metal Jewelleries, Thanka Paintings, Handknotted Woollen Carpets, etc.***



All the Best Wishes
On the Auspicious
Occasion of
VESAK FESTIVAL

the Bakery
**CAFE**
*(Where the young heart meets !)*

- Teendhara, Durbar Marg. Tel: 242706
- Round about, Jawalakhel, Tel: 522949
- Near Fire Brigade, New Road, Tel: 240137, 240138
- New Baneshwor, Tel: 488528
  Teku, Tel: 265987
- Teaching Hospital, Maharajgunj, Tel: 414855
  Fax: 255212, E-mail: nangint@ccsl.com.np

KATHMANDU, NEPAL

***It's your Choice***

Managed by
**nanglo**
INTERNATIONAL

## धर्म प्रचार — गतिविधि

### तेश्रो वार्षिक उत्सव

२०५६ फागुण २८ गते शनीवार। भक्तपुर मैत्रेय युवा संघको तेश्रो वार्षिक उत्सव जयकीर्ति विहार थथुबहीमा सम्पन्न भएको समाचार प्राप्त भएको छ। दानरत्न बज्राचार्यबाट स्वागत गान र दुर्गेश शाक्यको स्वागत भाषण पछि बौद्ध विद्वान लोकदर्शन वज्राचार्यज्यूले पानसमा बत्तिबाली कार्यक्रमको उद्घाटन गर्नुभएको थियो। उक्त कार्यक्रममा आ-आफ्ना मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो -

लोकदर्शन बज्राचार्य, सुरेश ज्योति, गणेशभक्त राय आदि।

तेश्रो राष्ट्रिय ज्ञानमाला सम्मेलनको उपलक्षमा संघले बौद्ध कला सँस्कृति सम्बन्धि फोटो प्रदर्शन गर्नको लागि रु. पाँच सय देखि बढि आर्थिक सहयोग गर्नुहुने ब्यक्तिलाई लोटस रिसर्च सेन्टरका अध्यक्ष डा. बज्र शाक्यज्यूले धन्यवाद ज्ञापन पत्र प्रदान गर्नुभएको थियो।

संघका सचिव राजुमान वज्राचार्यले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष रुद्र चित्रकारले आर्थिक प्रतिवेदन पेश गर्नुभएको उक्त कार्यक्रममा संघका अध्यक्ष तीर्थराज वज्राचार्यले सभापतित्व ग्रहण गर्नुभएको थियो।

मंगली बुद्धाचार्यले संचालन गर्नुभएको उक्त कार्यक्रमको अन्त्यमा विणा शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो।

### "शाक्यमुनि बुद्धविहार लुम्बिनीमा निःशुल्क आंखा तथा स्वास्थ्य शिविर सम्पन्न"

लुम्बिनी,

भगवान गौतम बुद्धको जन्मस्थल पवित्र लुम्बिनी स्थित शाक्यमुनि बुद्ध विहारको प्रांगणमा यहि मिति २०५६ चैत्र ५ गते देखी १० गते सम्म सम्पन्न भएको निःशुल्क आंखा तथा स्वास्थ्य शिविर कार्यक्रमको रुपन्देही जिल्ला विकास समितिका सभापति श्रीमान छत्रपति सिंहमल्लज्यूबाट एक भव्य समारोहका विच कलात्मक पानसमा बोधिदिप प्रज्ज्वलन गरी चैत्र ५ गते आंखा तथा स्वास्थ्य शिविर कार्यक्रमको शुभारम्भ गर्नुभएको समाचार छ।

संस्थापक भिक्षु विमलानन्द महास्थविरज्यूबाट बौद्ध परम्परा अनुसार पञ्चशील प्रार्थना गराई शुरु गरिएको उद्घाटन कार्यक्रममा लुम्बिनीस्थित अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न विहारका भिक्षु भिक्षुणीहरूको उपस्थिती थियो। लुम्बिनी विकास कोषका सदस्य सचिव एवं कोषाध्यक्षज्यूको उपस्थितीका साथै लुम्बिनी धर्मोदय समिति, जापान नेपाल गुडविल एशोसियशन र हिमालय स्वास्थ्य तथा शिक्षा समाजको संयुक्त आयोजनामा संचालित उक्त शिविर कार्यक्रमको विषयमा जापान नेपाल गुडविल एशोशियशनका कार्यकारी प्रमुख श्रीमान योशुनोतु योशिदा ओगिनोज्यूले लुम्बिनीमा पहिलो पटक यसरी आंखा तथा स्वास्थ्य शिवर सञ्चालन गर्न पाएकोमा खुशी प्रकट गर्नुभयो।

पिछ्डिएका जनजाती र गरीब असहाय ब्यक्तीहरूले लाभान्वित हुने सुअवसर प्राप्त गर्ने पुणित उद्देश्यले सञ्चालित उक्त शिविर कार्यक्रम चैत्र १० गते भिक्षु विमलानन्द महास्थविरज्यूबाट पञ्चशील प्रार्थना गराउनुभई समापन कार्यक्रम सम्पन्न भयो। शिविर सञ्चालन अवधि भर करीव २२६९ जना पुरुष महिला र बालबच्चाहरूले उपचार सेवा गर्ने सुअवसर पाएका थिए साथै करीव १५९ जना आंखा तथा हर्निया हाइड्रोसिलाका बिरामीहरूलाई शल्यक्रिया अप्रेशन


Downloaded from http://www.dhamma.digital

गरिएको थियो । उपचार सेवाका लागि नेपाल आँखा अस्पताल काठमाडौं का डा. आदित्य प्रसाद रिजाल (नेत्र विशेषज्ञ) लुम्बिनी रण अम्बिका आंखा अस्पताल भैरहवाका डा. सनत कुमार श्रेष्ठ नेत्र विशेषज्ञ एवं त्रि.वि.शिक्षण अस्पतालका सर्जन डा. परशुराम मिश्र, डा. परेश चन्द्र गिरीज्यूहरूको सक्रिय सहभागितामा उपचार सेवाका लागि आएका बिरामीहरूले नि:शुल्क स्वास्थ्य उपचार गरी लाभान्वित भएका थिए ।

कार्यक्रमको उद्घाटन एवं समापन दुवै कार्यक्रम लुम्बिनी धर्मोदय उप-समितीका अध्यक्ष श्री बुद्धराज शाक्यज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## बौद्ध जागरण विहारको शिलान्यास

२०५६ चैत्र ९ गते । सप्तरीको मटिगढ प्रसवनीमा बौद्ध जागरण विहारको शिलान्यास नगर मण्डप श्रीकीर्ति विहार कीर्तिपुरका भिक्षु अशोक कीर्तिले गर्नुभएको थियो । संघाराम विहारका भिक्षु शुशील र भिक्षु अशोक कीर्तिले बुद्ध पूजा र परित्राण पाठ समेत गर्नुभएको उक्त शिलान्यास समारोहमा काठमाडौं युवा बौद्ध समूहका भू.पु अध्यक्ष श्री हर्षमुनि शाक्य, श्री शाक्य सुरेन्द्र र विपीन्द्र महर्जनको पनि उपस्थिति थियो ।

## बौद्ध जागरण प्रशिक्षण शिविर

२०५६ चैत्र ९ देखि १३ सम्म । स्थान- श्री महिकर माध्यमिक विद्यालय प्रसवनी, सप्तरी जिल्ला ।

थारु युवा बौद्ध समूह सप्तरी (मटिगढ प्रसवनी) र हिमालयन बुद्धिष्ट एजुकेशन फाउण्डेशनको संयुक्त तत्वावधानमा बौद्ध जागरण प्रशिक्षण शिविर (प्रथम) को आयोजना गरिएको समाचार प्राप्त भएको छ ।

श्री महेश कुमार चौधरी थारुको सभापतित्वमा तथा श्री भोलानाथ चौधरी थारुको प्रमुख आतिथ्यमा सुसम्पन्न भएको उक्त कार्यक्रम अरुण कुमार चौधरीले संचालन गर्नुभएको थियो । त्यस्तै राम लगन चौधरीले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा संचालित विषयहरूको नाम र प्रशिक्षकहरूको नाम यसरी रहेको छ ।

| प्रशिक्षक | विषयहरूको नाम |
|---|---|
| भिक्षु अशोक कीर्ति | चतुआर्यसत्य र गृहीविनय |
| भिक्षु सुशील | बुद्ध जीवनी |
| सुरेन्द्र शाक्य | बुद्ध धर्म र विकास, बुद्ध धर्म र आधारभूत आवश्यकता |
| हर्ष मुनी शाक्य | बुद्धकालीन समाज र धर्म बुद्ध धर्म र जनजाती |
| विपिन्द्र महर्जन | बौद्ध जातक कथा |
| महेश कुमार चौधरी | बुद्ध धर्म र थारु जाती |
| वाशुदेव चौधरी | बौद्ध संस्कार पद्धति |
| शत्रुघ्न प्रसाद चौधरी | बुद्ध धर्म र अर्थ नीति |
| सर्वस्वलाल चौधरी | पंचशील |

महिला तथा पुरुष गरी ६० जवान प्रशिक्षार्थीहरूले भाग लिएको उक्त शिविरको समापन समारोहमा प्रशिक्षार्थीहरूलाई प्रमाण पत्र र बुद्ध शिक्षा सम्बन्धी पुस्तकहरू नि:शुल्क प्रदान गरिएको थियो । ती पुस्तकहरूको नामावली यसरी रहेको छ ।

१. धम्मपद २. बुद्ध जीवनी ३. बुद्धको शिक्षा र आजको विश्व ४. बोधिचित्तोत्पाद ५. अष्टश्लोकी मतिशोधन अभ्यास ६. तथागत गौतम बुद्ध ७. शिष्टाचार ८. आर्य सँस्कृति र ९. बुद्ध पूजा विधि (थारु बौद्ध संस्कार पद्धति) आदि ।

## बौद्ध जागरण प्रशिक्षण अभियान

२०५६ चैत्र २३ देखि २६ सम्म ।

स्थान- श्री निम्न माध्यमिक विद्यालय पड्रिया, सिराहा ।

हिमालयन बुद्धिष्ट एजुकेशन फाउण्डेशन तथा थारु कल्याणकारीणी सभा सिराहा र युवा बौद्ध समूह सिराहाको संयुक्त आयोजनामा थारु कल्याणकारीणी सभा सिराहाका सचिव सचिदानन्द चौधरी थारुको सभापतित्वमा र हिमालयन बुद्धिष्ट एजुकेशन फाउण्डेशनका सदस्य

श्री हर्षमुनी शाक्यको प्रमुख आतिथ्यमा बौद्ध जागरण प्रशिक्षण शिविर र थारु पंडित प्रशिक्षण शिविरको उद्घाटन गरिएको समाचार छ । उद्घाटन शिविरमा श्रीमती जानकी देवी चौधरीले स्वागत भाषण गर्नु भएको थियो भने समुद्घाटन भाषण प्रमुख अतिथि श्री हर्षमुनी शाक्यले गर्नुभएको थियो । थारु कल्याणकारिणी सभाका सचिव श्री सचिदानन्द चौधरीबाट धन्यवाद ज्ञापन गरी सभा विसर्जन गरिएको थियो ।

उक्त प्रशिक्षण शिविरमा प्रशिक्षण दिइएका विषयहरू र प्रशिक्षकहरूको नाम यसरी रहेका छन् ।

| प्रशिक्षकहरू | विषयहरू |
|---|---|
| १. भिक्षु धर्ममूर्ति | बुद्ध जीवनी र चतुआर्य सत्य |
| २. हर्षमुनी शाक्य | बुद्धकालीन समाज र इतिहास |
| ३. विपिन्द्र महर्जन | जातक कथा |
| ४. सर्वस्वलाल चौधरी | पञ्चशील |
| ५. वाशुदेव चौधरी | बौद्ध संस्कार पद्धति |
| ६. शत्रुघ्न प्रसाद चौधरी | बौद्ध अर्थनीति |
| ७. हर्षमुनि शाक्य | बुद्ध धर्म र जनजाती |
| ८. शाक्य सुरेन्द्र | बुद्ध धर्म र विकास |
| ९. उमाकान्त चौधरी | शिविर अनुशासन |
| १०. महेशकुमार चौधरी थारु | बुद्ध धर्म र थारु जाती |
| ११. विशेश्वर लेखी | थारु विवाह पद्धति |
| १२. अमरलाल चौधरी | श्राद्ध क्रियाकर्म |
| १३. खिलानाथ लेखि | श्राद्ध क्रियाकर्म |

## बुद्धजयन्ती मूल समारोह समिति गठन

काठमाडौं यही जेठ ५ गते बिहीबारका दिन २५४४ औं बुद्धपूर्णिमा विभिन्न कार्यक्रमका साथ मनाउन भिक्षु सुदर्शन महास्थवीरको अध्यक्षतामा १९ सदस्यीय मूल समारोह समिति गठन भएको छ ।

त्यसै गरी समितिका उपाध्यक्षहरूमा तीर्थनारायण मानन्धर, लोकदर्शन वज्राचार्य, प्रयागराज सिंह सुवाल र प्रा. सुवर्ण शाक्य रहनुभएको छ ।

यस्तै महासचिवमा श्यामकृष्ण मानन्धर, सचिवमा गौतम शाक्य, सह-सचिवमा रमेश मानन्धर, कोषाध्यक्षमा बुद्धरत्न बज्राचार्य र सहकोषाध्यक्षमा माणिकरत्न शाक्य रहनुभएको छ ।

यसै गरी भिक्षु कुमार काश्यप महास्थविर संयोजक विहार श्रृंगार उपसमिति, भिक्षु कोण्डन्य संयोजक प्रचार प्रसार उपसमिति, तुल्सीकृष्ण मानन्धर संयोजक चन्दा उपसमिति, हर्षबहादुर मानन्धर संयोजक खाद्य उपसमिति, प्रा. सुवर्ण शाक्य संयोजक हाजिरी जवाफ तथा निबन्ध प्रतियोगिता, संघरत्न संयोजक पात्रो उपसमिति, बेती वज्राचार्य संयोजक कवी गोष्ठी उपसमिति, रामेश्वरप्रसाद श्रेष्ठ संयोजक रक्तदान उपसमिति र रत्नबहादुर वज्राचार्य संयोजक समारोह मञ्च श्रृंगार उपसमिति रहनुभएको छ ।

## असहायहरूलाई कपडा वितरण

२०५६ चैत्र २६ गते । स्थान श्री जानकी प्रस्तावित नि.मा.वि. कास्की ।

युवा बौद्ध संघ धर्मशीला बुद्ध विहार पोखराले कास्की र म्याग्दी जिल्लामा गरी जम्मा ७१५ जवान असहाय व्यक्तिहरूलाई कपडा वितरण गरेको जानकारी प्राप्त हुन आएको छ । युवा बौद्ध सघका अध्यक्ष उत्तममान बुद्धाचार्यको सभापतित्वमा सचिव विक्रम बुद्धाचार्यले संचालन गर्नुभएको सो कार्यक्रममा घारिपाटन र दोषिल्ला वरपरका जम्मा ३६५ जवान असहाय व्यक्तिहरू, पोखराका ७० सडक बाल बालिकाहरू, नयाँबजारका ८५ जवान सुकुम्वासीहरू, वेनी बजारका ९० जवान व्यक्तिहरू, घाचोकका ९० जवान र लेखनाथ न.पा.का १५ जवान अग्निपिडीत व्यक्तिहरू समेत गरी जम्मा ७१५ जवान असहाय


Downloaded from http://www.dhamma.digital

व्यक्तिहरूलाई कपडा वितरण कार्य सम्पन्न गरिएको छ । सो समरोहमा जापानी भिक्षु मोरियका सोनी र विश्वशान्ति स्तूप अनदूका कोषाध्यक्ष श्री पुष्करमान बुद्धाचार्यले कपडा वितरण कार्यक्रम बारे प्रकाश पार्नु भएको थियो ।

**दिवंगत पूज्यपाद संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरको जन्म शतवार्षिक उत्सव वर्षभर मनाई आएको**

२०५६ वैशाख ४ गते अक्षय तृतीयादेखि २०५७ वैशाख २४ गते अक्षय तृतीयसम्म विभिन्न विहार तथा संस्थाहरूबाट ठाउँ ठाउँमा भव्यरूपले मनाउदै आएका कार्यक्रमहरू-

१. शुरुमा श्री शाक्यसिंह विहारमा भिक्षु संघबाट महापरित्राण, स्वास्थ शिविर संचालन, संघमहानायक दिवंगत महास्थविरको तस्वीर भएको क्यालेण्डर प्रकाशन तथा वितरण ।

२. २०५६ जेष्ठ १६ गते आइतवार (अनला पुन्हि) आनन्दकुटी विहारमा श्रद्धेय संघनायक अनुरुद्ध महास्थविरको सभापतित्वमा कृतज्ञ गुण स्मरण गरी श्रद्धाञ्जली व्यक्त ।

३. २०५६ आषाढ १४ गते कीर्तिपुरमा नगर मण्डप श्रीकीर्ति विहारमा संघमहानायक प्रज्ञानन्द महास्थविरद्वारा रचित ज्ञानमाला किताव प्रकाश गरी पाटन, किर्तिपुर, भक्तपुर, बनेपा र धरानका ज्ञानमाला खलकहरूबाट दिनभरी भजन गरियो । उही दिनमा संघमहानायक भन्तेको जीवनी नेपाली भाषामा आइ. बि. वन्धबाट लिखित जीवनी नगर मण्डप श्रीकिर्ति विहारबाट प्रकाशन गरी वितरण गरिएको थियो ।

४. २०५६ श्रावण १ गते देखि ८ गतेसम्म श्री शाक्यसिंह विहारमा थाईलैण्डका सोमदेच महाराजा मंगलाचानका उपज्झायत्वमा साप्ताहिक प्रव्रज्याको कार्यक्रम गरियो । जसमा भिक्षु उपसम्पदा, श्रामणेर प्रव्रज्या, अनगारिका प्रव्रज्या र ऋषिनी प्रव्रज्या गरी जम्मा १०० जनाले प्रव्रजित भई श्रद्धाञ्जलि व्यक्त गरियो ।

५. २०५६ श्रावण १५ गते रानीपौवामा बुद्ध पूजा र पुण्यानुमोदन गरियो ।

६. २०५६ आश्विन २२ गते श्री सुमंगल विहारमा, बुद्ध पूजा, प्रव्रचन ध्यान भावना र दान प्रदानका साथै पुण्यानुमोदन गरियो ।

७. २०५६ कार्तिक १० गते त्रिशूली सुगतपुर विहारमा कथिन दानकै दिनमा संघमहानायक भन्तेको कृतज्ञ गुण स्मरणगरी शतवार्षिक मनाइयो ।

८. २०५६ माघ २७ गते विहिवार रानीपौवामा बुद्ध मूर्ति स्थापनाको लागि भवन शिलान्यास गरी त्यहाँ पनि उत्सव मनाइयो ।

९. २०५६ माघ २९ गते संघमहानायक प्रज्ञानन्द महास्थविरको शतवार्षिक अन्तगर्त 'प्रज्ञानन्द स्मृति म्यें मुना' क्यासेट नेपाल बुद्धिष्ट कम्यूनिकेसन सेन्टरले विमोचन कार्यक्रम गरी मनाइयो ।

१०. २०५६ चैत्र १० गते श्री शाक्यसिंह विहारमा अनगारिका गुरुमाहरूले दिनभर महापरित्राण पाठ गरी शतवार्षिक उत्सव मनाइयो ।

यस्तै अरु कार्यक्रमहरू पनि संचालन गरिदैछन् । जन्म शतवार्षिक उत्सवको अन्तमा श्री शाक्यसिंह विहारमा २०५६ चैत्र २४ गते अक्षय तृतीयासम्म साप्ताहिक कार्यक्रम गरी विशेष रुपले मनायो । जस्मा महापरित्राण, प्रव्रज्या कार्यक्रम, पुन:निर्मित श्री शाक्यसिंह विहारको उद्घाटन एवं समापन समारोह सम्पन्न भयो ।

## नयाँ प्रकाशन

पुस्तकको नाम : **पञ्चदानः बौद्ध पर्व**

लेखिका : **डा. रञ्जना बज्राचार्य**

प्रकाशक : शाक्य ज:, ओम बहाल, काठमाडौं ।

पृष्ठ : ३७

मूल्य : रु. ४०/-

नेपालीहरूले विभिन्न पर्व मनाउँछन् । त्यसमा विशेषत: बौद्ध नेपालीहरूले मात्र मनाउने बौद्ध चाड पञ्चदानको विषयमा लेखिएको यो एक अनुसन्धनात्मक पुस्तक हो । कतिपय बौद्धहरूले वर्षौंदेखि पञ्चदान पर्व मनाउँदै आएतापनि यसको धार्मिक र नैतिक मान्यताको बारेमा कमैले थाहा पाएको हुन सक्छ । यस पुस्तक पढियो भने पञ्चदान पर्वको महत्व छर्लङ्ग हुने गरी देखा पर्न आउँछ ।

यस पुस्तकले बौद्ध समाज र संस्कृतिमा अविच्छिन्न रूपमा चल्दै आएको पञ्चदान दानपर्वको विषयमा विशेष रुपले प्रकाश पारेको छ । यस पुस्तक पञ्चदानको परिचय र अर्थ, बौद्ध धर्ममा दानको महत्व, दानपर्वमा श्री दीपङ्कर तथागतको स्थान, नेपालको बौद्ध समाजमा दान परम्पराको प्राचीनता, नेपालमा दान परम्पराको ऐतिहासिक उल्लेख, पञ्चदानका प्रकार र उपसंहार गरी सात अध्यायमा विभाजन गरिएको छ ।

नेपाली बौद्ध समाजमा दानपारमिताको महत्ता र पुरातन आदर्शलाई हृदयंगम गरी त्रिभुवन विश्व-विद्यालयका सह-प्राध्यापक डा. रञ्जना बज्राचार्यज्यूले अत्यन्त परिश्रमपूर्वक तयार गर्नु भएको यस अनुसन्धनात्मक पुस्तकलाई एक महत्वपूर्ण ग्रन्थको नाम दिन सकिन्छ । अनुसन्धान गर्न चाहनेलाई उपयुक्त हुने गरी सन्दर्भ सामग्रीहरू तथा टिप्पणीहरू पनि स्पष्टसँग दिइएको छ ।

यस पुस्तकलाई सिंगै पढ्न सकिएपछि नेपाली बौद्धहरूको जीवनमा दानको महत्व कतिको रहेछ भन्ने कुरा प्रकाशमा आउँछ । नेपाली बौद्धहरूको धर्म र संस्कृतिबारे अध्ययन गर्न चाहने बिद्वानहरूको लागि यो पुस्तक अति नै उपयोगी हुने ठहर हुन्छ ।

*- रीना तुलाधर*

"आँखा, कान, नाक, जिब्रो र छाला यी पाँच इन्द्रियहरूले अनुभव गर्ने रूप, शब्द, गन्ध, रस र स्पर्शबाट मानिसलाई जुन सुख प्राप्त हुन्छ त्यसैलाई म विषयको बिषालु मिठाई भन्दछु । यी विषयको लागि नै एकराजा अर्को राजासंग, क्षेत्री क्षेत्रीसंग, वैश्य वैश्यसंग, आमा छोरासंग, छोरा आमासंग, बाबु छोरासंग, बहिनी भाईसंग र मित्र मित्रसंग लड्छन् । यी विषयहरूलाई लिएर के कस्तो काण्ड हुँदैनन् । गाली भगडा हुन्छ, कुटाकुट हुन्छ काटमार हुन्छ अनि मानिसहरू मारिन्छन् पनि ।" - बुद्ध वचन महादुखन्द सुत्तंत

All the best wishes
on the auspicious occasion
of
**Vaisakh Festival**

NEPAL ADARSHA NIRMAN CO. PVT. LTD. KATHMANDU, NEPAL

**Hari Prasad Pandey**
Managing Director

CONSTRUCTION FOR BETTER TOMORROW

**Nepal Adarsha Nirman Co. Pvt. Ltd.**
"A" Class Construction Company
P.O. Box 5759, Balkhu
KATHMANDU, NEPAL
Tel: 224370, 245465
254213, 278625
Fax: 00977-1-240438
e-mail: nanc@adarsha.mos.com.np



Downloaded from http://www.dhamma.digital

## अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षा (बु.सं. २५४३, बि.सं. २०५६) को परिक्षा परिणाम

धर्मकीर्ति विहारको तर्फबाट परिक्षा उत्तिर्ण भएका विद्यार्थीहरूको नामावली:-

| क्र.सं. | विद्यार्थीको नाम, थर | ठेगाना | परिक्षा तह | उत्तिर्ण श्रेणी |
|---|---|---|---|---|
| १. | रीना तुलाधर | जयनेपाल | परियत्ति सद्धम्म कोविद | द्वितीय |
| २. | भिक्षु संघरक्षित | संघाराम | परियत्ति सद्धम्म पालक उपाधि | बोर्ड प्रथम |
| ३. | शान्ति महर्जन | त्यौड | " | बोर्ड द्वितीय |
| ४. | गुरुमां पञ्ञावती | धर्मकीर्ति विहार | " | बोर्ड तृतीय |
| ५. | गुरुमां रमावती | धर्मकीर्ति विहार | " | प्रथम |
| ६. | गुरुमां केशावती | धर्मकीर्ति विहार | " | द्वितीय |
| ७. | सजना शाक्य | पकनाजोल | परियत्ति सद्धम्म पालक प्रवेश द्वितीय वर्ष | प्रथम |
| ८. | मिनरवती तुलाधर | त्यौड | " | प्रथम |
| ९. | अमृत शोभा शाक्य | जैशीदेवल | " | द्वितीय |
| १०. | भूवनेश्वरी डंगोल | विजेश्वरी | " | तृतीय |
| ११. | सूर्य लक्ष्मी सिंह | क्वाडों | " | तृतीय |
| १२. | लक्ष्मण डंगोल | हाडिगाउँ | " | तृतीय |
| १३. | गुरुमां इन्दावती | धर्मकीर्ति विहार | " | तृतीय |
| १४. | श्यामलाल चित्रकार | भाटभटेनी | परियत्ति सद्धम्म पालक प्रवेश प्रथम वर्ष | प्रथम |
| १५. | शावित्री चित्रकार | भाटभटेनी | " | प्रथम |
| १६. | आराधना बज्राचार्य | गंबहा: | " | द्वितीय |
| १७. | गुरुमां सुचिवती | धर्मकीर्ति विहार | " | द्वितीय |
| १८. | सीता प्रजापती | हाडिगाउँ | " | द्वितीय |
| १९. | रामकृष्ण प्रजापती | हाडिगाउँ | " | तृतीय |
| २०. | राधिका प्रजापती | हाडिगाउँ | " | तृतीय |
| २१. | नीता केशरी श्रेष्ठ | पशुपती | परियत्ति सद्धम्म पालक प्रारम्भिक तृतीय वर्ष | प्रथम |
| २२. | गुरुमां श्रद्धा गौतमी | धम्मावास | " | प्रथम |
| २३. | उमा मानन्धर | नयाँ बजार | " | प्रथम |
| २४. | तारा डंगोल | ताहाचल | " | प्रथम |
| २५. | गुरुमां शील गौतमी | धम्मावास विहार | " | प्रथम |
| २६. | गुरुमां वीर्य गौतमी | " | " | प्रथम |
| २७. | रामेश्वरी महर्जन | बालाजु | " | प्रथम |

| | | | | |
|---|---|---|---|---|
| २८. | राजकुमार डंगोल | हाडिगाउँ | ,, | द्वितीय |
| २९. | अष्टमाया महर्जन | लगनखेल | ,, | द्वितीय |
| ३०. | अष्टमाया महर्जन | त्यौड | ,, | तृतीय |
| ३१. | हिराकाजी डंगोल | हाडिगाउँ | परियत्ति सद्धम्म पालक प्रारम्भिक द्वितीय वर्ष | प्रथम |
| ३२. | सुभद्रा मेजु | हाडिगाउँ | ,, | द्वितीय |
| ३३. | श्यामकृष्ण डंगोल | हाडिगाउँ | ,, | द्वितीय |
| ३४. | राकेश महर्जन | लगन | ,, | द्वितीय |
| ३५. | भिम प्रसाद मेजु | हाडिगाउँ | ,, | द्वितीय |
| ३६. | श्रद्धा सिंह | महाराजगंज | परिपत्ति सद्धम्म पालक प्रारम्भिक प्रथम श्रेणी | वोर्ड प्रथम |
| ३७. | स्मृति सिंह | महाराजगंज | ,, | प्रथम |
| ३८. | गुरुमां वीर्यपारमी | धम्मावास विहार | ,, | प्रथम |
| ३९. | अमर देवी श्रेष्ठ | धम्मावास विहार | | द्वितीय |
| ४०. | गुरुमां सुचिता | धम्मावास विहार | ,, | द्वितीय |
| ४१. | आकाश बज्राचार्य | जैशीदेवल | | द्वितीय |
| ४२. | विशाल बज्राचार्य | जैशीदेवल | ,, | तृतीय |

यशोधरा बौद्ध विद्यालय, पाटनबाट उत्तिर्ण भएका विद्यार्थीहरूको नामावली-

| क्र.सं. | विद्यार्थीहरूको नाम, थर | ठेगाना | परिक्षा तह | उत्तिर्ण श्रेणी |
|---|---|---|---|---|
| १. | गुरुमां धम्मचारी | यशोधरा बौद्ध विद्यालय | परियत्ति सद्धम्म पालक प्रवेश तृतीय वर्ष | बोर्ड प्रथम |
| २. | गुरुमां अमरावती | यशोधरा बौद्ध विद्यालय | | बोर्ड तृतीय |
| ३. | संजय शाक्य | | | द्वितीय |
| ४. | सुरोज महर्जन | | परियत्ति सद्धम्म पालक प्रवेश द्वितीय वर्ष | द्वितीय |
| ५. | मञ्जु शाक्य | | परियत्ति सद्धम्म पालक प्रवेश प्रथम वर्ष | प्रथम |
| ६. | स्वर्ण महर्जन | | ,, | द्वितीय |
| ७. | रकेन्द्र शाक्य | | ,, | ,, |
| ८. | गुरुमां मा सुखी | | ,, | ,, |
| ९. | धर्म डंगोल | | परियत्ति सद्धम्म पालक प्रारम्भिक तृतीय वर्ष | प्रथम |
| १०. | सविना शाक्य | | ,, | द्वितीय |


Downloaded from http://www.dhamma.digital

| | | | | |
|---|---|---|---|---|
| ११. | सुदीप शाक्य | | परियत्ति सद्धम्मं पालक | तृतीय |
| | | | प्रारम्भिक तृतीय वर्ष | प्रथम |
| १२. | प्रज्ञेन्द्र शाक्य | | परियत्ति सद्धम्म पालक | |
| | | | प्रारम्भिक द्वितीय वर्ष | प्रथम |
| १३. | गुरुमां मा शोभा | यशोधरा | प्रारम्भिक सद्धम्म पालक | |
| | | बौद्ध विद्यालय | प्रारम्भिक प्रथम वर्ष | प्रथम |
| १४. | जयमुनि बज्राचार्य | | " | " |
| १५. | अनुजमुनि बज्राचार्य | | " | " |
| १६. | चन्द्रमाया लामा | | " | " |
| १७. | सुषमा लामा | | " | " |
| १८. | गुरुमां मा शोण | यशोधरा | " | " |
| | | बौद्ध विद्यालय | " | " |
| १९. | बीरबहादुर लामा | | " | " |
| २०. | रुपा शाक्य | | " | " |
| २१. | कल्पना शाक्य | | " | " |
| २२. | संजयमुनी बज्राचार्य | | " | " |
| २३. | अभिषेकमुनि बज्राचार्य | | " | " |
| २४. | प्रनिसा महर्जन | | " | तृतीय |




*Best Wishes to*
*Dharmakirti Buddhist Study Circle & All*
*on the auspicious occasion of the*
*2544th Vaisakh Purnima*

**Kantipur Craft**

***(Manufacturer/Exporter of Nepalese Handicraft)***
P.O. Box 2625, Kathmandu, Nepal
Phone : 255989

**२०५६ चैत्र १८ गते शुक्रबार, नागवहाल, ल.पु.।**

दीपंकर परियत्ति शिक्षालयया वार्षिक उत्सव व परियत्तिया विद्यार्थीपिन्त बिइगु पुरस्कार वितरण समारोह ललितपुर उपमहानगर पालिकाया प्रमुख श्री बुद्धिराज बज्राचार्यया प्रमुख अतिथित्वय् सम्पन्न जूगु समाचार दु। नेपाल बौद्ध परियत्ति शिक्षाया शिक्षाध्यक्ष व अखिल नेपाल भिक्षु महासंघया अध्यक्ष भिक्षु बुद्धघोष महास्थविरया सभापतित्वय् जूगु उगु सभाय् सुजाता गुरुमांपाखें स्वागत भाषण याना बिज्यागु ख:सा विद्या शाक्यपाखें शिक्षालयया प्रतिवेदन प्रस्तुत याना दीगु ख: । थुगु परियत्ति केन्द्रया सह-कोषाध्यक्ष श्री हेराकाजी सुइकापाखें आय-व्यय विवरण न्ह्यब्वया दीगु ख: ।

उगु कार्यक्रमय् विष्णुरत्न शाक्यजुं च्वया: लय्तया दीगु "परियत्ति मिखा, परिपत्ति स्वयेगु, पटिवेध खनीगु" धयागु म्यें ध्वाथीइक हाला दिल । मन्तव्यया क्रमे भिक्षु भद्दियपाखें परियत्ति शिक्षाया महत्त्व प्रकाश याना बिज्यासे धात्थें नैतिक चरित्रवान व्यक्तिपिं तयार यायेगु ख:सा परियत्ति शिक्षा मदयेकं मगा:गु खँ व्यक्त याना बिज्यात। अथे हे प्राध्यापक श्री सुवर्ण शाक्यजुं थ: मस्तेत स्कूलया शिक्षा जक दयां मगा सच्चरित्रवान जुइत बौद्ध परियत्ति शिक्षा नं मब्वंकुसे मगा धयागु खँ व्यक्त याना बिज्यात । ललितपुर उपमहानगरया प्रमुख श्री बुद्धिराज बज्राचार्यजुं बुद्ध धर्मया आधारशीला जुया च्वंगु बौद्ध परियत्ति शिक्षाया विकासया निंतिं दीपंकर परियत्ति शिक्षालयं गुगु ज्या याना च्वन व प्रशंसनीय जू थुकीयात ग्वाहाली यायेगु बौद्धपिं सकसिगु कर्तव्य ख: धया बिज्यात । वय्कलं दीपंकर परियत्ति शिक्षालयया बु.सं. समूहया उत्तीर्ण ५० म्हं मयाक विद्यार्थीपिंत पुरस्कार वितरण याना दील ।

सभापति बुद्धघोष महास्थविरजुं परियत्ति शिक्षा जीवनपयोगी शिक्षा ख:, थुकीयात थ: नाले फत धा:सा सुख, शान्ति दइ धया बिज्यात ।

सुश्री पुनम शाक्यं संचालन याना दीगु कार्यक्रमया अन्ते श्री हेराकाजी शाक्यं धन्यवाद ज्ञापन याना दीगु ख: । थुगु शिक्षालय सुजाता गुरुमां अमिता धाख्वा, न्हुछेनानी शाक्य, सरिता अवाले, पुनम शाक्य, विद्या शाक्यपिंसं शिक्षिका जुया सेवा याना दीगु ख: । थुगु शिक्षालय प्रत्येक शुक्रबार न्हिने ४ बजेनिसें ६ बजे तक संचालन जुया च्वंगु दु ।

## गुणानुस्मरण दिं हन

२०५७ बैशाख ६ गते ल्हुतिपुन्ही (चैत पूर्णिमा) खुन्हु नगदेश बुद्ध विहारे च्वना बिज्याम्ह श्रामणेर शीलरत्नजु थनिं दच्छि न्ह्यो दिवंगत जुया बिज्यागुलिं वसपोलया गुणानुस्मृती वार्षिकी पुण्यतिथि हनेकथं बुद्ध पूजा यानागु जुल । उगु बुद्ध पूजाय् श्रद्धेय भन्ते वरसम्बोधिजुं शील प्रदान यासे मदुम्ह श्रामणेरया गुण चर्चा याना धर्मोपदेश याना बिज्यागु जुल । नगदेश बौद्ध समूहया ग्वसा:ले जूगु उगु वार्षिकी पुण्य तिथिया ज्याझ्व:ले समूहया सचिव भाजु कृष्ण कुमार प्रजापतिजुं वसपोलया जीवन चर्या नापं योगदानया चर्चा यासे वसपोलया गुणानुस्मरण याना दिल ।

ध्व वार्षिकी पुण्य तिथिया ज्याझ्व:ले दिवंगत श्रामणेर शील रत्नजुया न्हापाया जहान व काय् भाजुपिनिगु सश्रद्धां गुणानुस्मरण यासे "श्रामणेर शील रत्न अक्षयकोष स्वनेगु तातुनां दाँ ११,११५/- तका नगदेश बौद्ध समूहया नायो भाजु ज्ञान कुमार वाडेजुयात वसपोलया या न्हापाया जहान मय्जु कृष्ण माया नकर्मीजुं ल: ल्हाना दिलसा भिक्षु संघयात वसपोलया जहान परिवारपिंसं "अष्टपरिष्कार" दान याना दीगु जुल । ज्याझ्व:या अन्तस पुण्यानुमोदन नं जुल ।



Downloaded from http://www.dhamma.digital

## बौद्ध विहार दर्शन

२०५७ बैशाख १० गते । थाय्- गौतम बुद्ध विहार पांगा ।

स्वयम्भू धर्मपासा पुच:या आयोजनाय् संचालित गां गांया बौद्ध विहार दर्शन ज्याझ्व: अन्तर्गत थी थी ज्याझ्व:त संचालन जूगु समाचार दु ।

शील प्रार्थना व बुद्ध पूजां लिपा धर्मदेशना ज्याझ्वले धम्मवती गुरुमां नं बुद्ध शिक्षा प्रचार प्रसार याज्वीपिसं न्हापां थम्हं निं बुद्ध शिक्षा अध्ययन याना: व्यवहारय् छ्यले मा:गु व समाज सुधार ज्या म्हुतुं मखु ज्यां हे याना: क्यनेमा:गु खँ न्ह्यथना बिज्यात ।

भू.पू. मन्त्री श्री प्रेमबहादुर शाक्यजुं बौद्ध विहार दर्शनया ज्याझ्व: आपालं फलदायी ज्वीगु आशा प्वंकादिलसा छ्याञ्जे सिद्धिरत्न शाक्यजु नेपालया विहारयात सकलें जाना: क्वातुके मा:गु खँ कनादिल ।

अन्तरक्रिया कार्यक्रमे बौद्ध उपासकोपासिकापिसं न्यंगु न्ह्यस:या लिस: भिक्षु सुशीलं बिया बिज्यातसा विहारया संस्थापक भाजु कृष्ण बहादुर महर्जनजुं सुभाय् ब्युसे संस्थाया नायो भाजु पुष्परत्न तुलाधरयात थी थी सफूत नं ल: ल्हाना दिल । दांभरिं दशरत्न कसा:जुं ल्या:चा: न्ह्यब्वया दीगु उगु ज्याझ्व: प्रकाश तुलाधरजुं न्ह्याकादीगु ख: ।

## सर्वोदय बौद्ध पुच:या सहलह बैठक

२०५७ बैशाख १० गते । थाय् वेलुवनाराम धर्मस्थल विहार, ठेचो ।

यलया दक्षिण लागाया न्यागू बौद्ध विहारया स्वलाय् छक: सहलह बैठक च्वनेगु ज्याझ्व:कथं वेलुवनाराम विहारय् सहलह बैठक सम्पन्न जूगु समाचार दु ।

थुगु बैठके न्ह्याकूगु ज्याझ्व: थुकथं उल्लेख जुयाच्वंगु दु । विहारया थकालिम्ह उपासिका स्व. ज्ञानीमाया महर्जनया लुमन्ती श्रद्धाञ्जली सभा । पञ्चशील प्रार्थना व बुद्ध पूजा । बेखालाल महर्जनपाखें लसकुस न्वचु । श्री ज्ञानज्योति कंसाकारपाखें थ:गु नुग: खँ । सपना गुरुमांपाखें प्रवचन । भिक्षु अश्वघोषपाखें "बुद्ध धर्म व सामाजिक कार्य" बारे प्रवचन । श्री चक्रमेहर बज्राचार्यपाखें "भौतिक विकास व आध्यात्मिक विकास" बारे प्रवचन । सर्वोदय ज्योति अभियान कार्यक्रमबारे छलफल शाक्य सुरने पाखें । अमरापुर बुद्ध विहार-बुंग, ज्योतिदय संघ ज्योति विहार-वादे, जीतापुर गन्धकुटी विहार-खोना, बौद्ध जनविहार-सुनागुठी, वेलुवनाराम-ठेचो आदि विहारपाखें थ:थ:गु विहारया क्रियाकलाप प्रस्तुत । आगामी कार्यक्रमबारे सहलह व पुच:या पा:ब्वल:ल्हाय्गु ज्या सिधयवं ज्याझ्व: क्वचा:गु ख: ।



- "आफूलाई बिगारी बिगारी अरूलाई सपार्नतिर लाग्नु हुँदैन । आफू सप्रिँदै अरूलाई पनि हित गर्नतिर लाग्नु पर्दछ ।"

- "लडाईमा हजारौं सैनिकहरूलाई जित्नुभन्दा आफू (अहंकार) लाई जित्नुनै महान् हुन्छ । यस्ता संयमी व्यक्तिलाई देवता, गन्धर्व, मार तथा ब्रम्हले पनि जित्न सक्दैन । ।"

- धम्मपद

NEFINSCO NEFINSCO NEFINSCO NEFINSCO NEFINSCO NEFINSCO NEFINSCO

**NEFINSCO**

**OFFERS A FULL RANGE OF FINANCIAL SERVICE**

**DEPOSIT**
Fixed Deposit
Recurring Deposti
NEFINSCO Special A/C
Provident Fund A/C

**INVESTMENT**
Business Loan
Share Loan
Share Issue Loan
Industrial Loan
Housing Loan
Hire Purchase Loan
Consortium Loan

**OTHERS**
Share Registar
Share Issue Management
Venture Capital
NRB Bond Transaction
Birdge Finance
Project Counseling
Financial Guarantee

**NEPAL FINANCE AND SAVINGS CO. LTD.**
*(The First Finance Company in Private Sector of Nepal)*
P.O. Box 6867, E-mail: nefinsco@info.com.np
***Corporate Office:*** Kamaladi Mode, Kathmandu, Ph: 220031, 247020, Fax: 977-1-241237
***Branch Office:*** New Road Gate, Kathmandu. Ph: 220330, 222493

२५४५ गौं स्वाँया पुन्हि
भगवान बुद्धया जन्म, बोधिज्ञान
लाभ व महापरिनिर्वाण
जुगू दिंया लसताय् सकलसित
दुनुगलं निसें भिन्तुना !

**शाक्य ब्रदर्श**

लँ बहःया थिसिलाःगु व ग्यसुलाःगु तिसा पसः
हःखा त्वाः, यल
फोन नं. पसः ५२६०१४, छैं: ५३२८८६

२५४५ गौं स्वाँया पुन्हिया
लसताय् सकल
नेपामि पिन्त दुनुगलं निसें
भिन्तुना !

ने.स.चाँ,ब्य.सं.स.नं. १८

लँ बहःया पसः
**हेराकाजी राजभाई शाक्य**
हःखा त्वाः, यल
फोन नं. पसः ५२६०१३, छैं: ५४३६४५



Downloaded from http://www.dhamma.digital


प्रत्येक इन्जिनियर आर्किटेक्ट, कुशल ठेकेदारलाई थाहा हुन्छ फलामे डण्डीको कन्क्रीट ढलान संगको बन्धन अर्थात बण्डले तपाईको निर्माणलाई बलियोसंग उभ्याउंछ ।
हिमालस्टील टोरस्टील त्यस्तो शक्तिशाली फलामे डण्डी हो जुन अन्तरराष्ट्रिय प्रविधिबाट अन्तरराष्ट्रिय गुणस्तरमा नेपालमै तयार पारिएको छ । यस्को बैज्ञानिक डिजाईनका धर्काले १00% बढी हाई बण्ड स्ट्रेन्थ दिन्छ र यस्को यील्ड स्ट्रेन्थले तपाईको निर्माणमा बचत गराउंछ ।
तपाईको सृजनशीलता र हाम्रो हिमाल स्टील
अभिन्न साथी एक अर्काको ।
हिमाल स्टील
टोरस्टील
हिमालले सुरक्षित घर बनाउँछ ।
HI-BOND STRENGTH
हिमाल आयरन एण्ड स्टील (प्रा)' लि.
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स : २२६३१४

बा. अ. का. द. नं. - ७०/०४०/४१




नेपालका गौरब, शान्ति नायक
गौतम बुद्धको
जन्म, सम्बोधि लाभ तथा महापरिनिर्वाणको
२५४४ औं उत्सवमा सबैको सम्बृद्धि तथा
शान्तिको कामना गर्दछौं ।

लक्ष्मी ज्योति ट्रेडर्स

**Laxmi Jyoti Traders**

**छापावाल सुन चाँदीको बिक्रेता**

मखन (सुरज आर्केड अगाडि), काठमाडौं
फोन नं. २६५१३१, २६३९२२, २६४०५७


मुद्रक : न्यू नेपाल प्रेस *प्रधान कार्यालय :* नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
*व्यापारिक कार्यालय :* शुक्रपथ, न्यूरोड, काठमाडौं ... ५८६७८

Downloaded from http://www.dhamma.digital